'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २४० ★ ने. सं. ११४६ ञला थ्व, नवमी ★ आइतबार ★ ४ असोज, २०८३ ★ September 20, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## आमूल परिवर्तनको नयाँ विचार बोकेका युवाहरूमा त्याग, तपस्या र बलिदान जरुरी हुन्छ




भक्तपुर, ३ असोज । नेपाल क्रान्तिकारी युवा सङ्घ केन्द्रीय समितिको आयोजनामा शनिबार ३६ औं स्थापना दिवसको अवसरमा राष्ट्रिय भेला सुरु भएको छ ।

भेलाको उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले युवा उमेर मात्र होइन साम्राज्यवादी र पुँजीवादी विचार त्यागेर आमूल परिवर्तनको नयाँ विचार बोक्ने हो भन्नुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टीका युवाहरू आफूले परिवर्तनको नयाँ विचार अगाडि बढाउन पार्टीका प्रकाशनहरूको अध्ययन र अन्तरक्रिया बरोबर गर्नु आवश्यक छ भन्नुभयो ।

उहाँले आमूल परिवर्तनको नयाँ विचार बोकेका युवाहरूमा त्याग, तपस्या र बलिदान जरुरी हुन्छ भन्नुभयो ।

उहाँले संसारका देशभक्त र आमूल परिवर्तनका योद्धाहरूको जीवनी अध्ययन गरेर देश र जनताको नि:स्वार्थ सेवामा समर्पित हुने प्रेरणा हाम्रा युवाहरूले लिनु आवश्यक छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले क्रान्तिको लागि क्रान्तिकारी पार्टी सङ्गठन आवश्यक भएजस्तै क्रान्तिकारी कार्यकर्ताहरू पनि महत्त्वपूर्ण रहने धारणा व्यक्त गर्दै संसारको व्याख्या गर्ने दार्शनिकहरू धेरै भए पनि मूल कुरा भनेको संसारलाई बदल्नु हो भन्ने कार्ल मार्क्सको भनाइबाट सिक्नुपर्ने बताउनुभयो ।

कार्यकर्ताको मुख्य काम राजनीतिक जिम्मेवारी पूरा गर्नु हो भन्दै अतिथि गोसाईले बुद्धले बुद्धत्व प्राप्तपछि प्रवचन गर्दा केवल ५ जना अनुयायी भएको चर्चा गर्नुभयो । चे ग्वे भाराले लेखेको 'क्युवामा समाजवाद र मानिस' भन्ने पुस्तकको सार बताउँदै समाजवादी मानिसमा हुने विशेषताहरूबारे जानकारी गराउँदै उहाँले समाजवादी मानिस सबभन्दा बढी स्वतन्त्र हुने, बन्धनमा हुँदैन, मुक्त हुन्छ भन्नुभयो । उहाँले भन्नुभयो, "इतिहास पुनर्लेखन गर्नुपर्ने आवश्यकता छ । कामदार जनता र मजदुरको कुरा उल्लेख भएको छैन । झूटा कुरा गरेर जनता झुक्याउने कामको विरोध गर्नैपर्छ । कार्यकर्ता र जनताबिच गएर काम गर्नुपर्ने हुन्छ ।"

नेमकिपाका केन्द्रीय सदस्य एवम् नेक्रायुसङ्घका पूर्वअध्यक्ष उकेश कवांले सङ्घले ३५ वर्षमा गरेका महत्त्वपूर्ण गतिविधिहरू स्मरण गराउँदै समाजवादी प्रचार अभियानको सिलसिलामा गाउँ

बाँकी पृष्ठ २ मा

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १२१

**जेनजी आन्दोलन र युथ काउन्सिलको सक्रियता**

'अमेरिकन युथ काउन्सिल' नामक गैरसहकारी संस्था युवा नेतृत्व, टीमवर्क, नागरिक सहभागिता, प्रजातन्त्र, सुशासन, नीतिगत संवादजस्ता विषयवस्तुमा सक्रिय रहेको पाइन्छ ।

जेनजी आन्दोलन सहरी शिक्षित युवाहरूबाट सञ्चालित रहेको छ भने युथ काउन्सिलले पनि सहरी, शिक्षित युवाहरूमाझ नै कार्यक्रम सञ्चालन गर्दै आइरहेको देखिन्छ । 'अमेरिकन युवा काउन्सिल' युवाहरूको क्षमता विकासमा अङ्ग्रेजी भाषा सिकाउन र युवालाई एउटा सञ्जालमा आबद्ध हुने वातावरण सृजना गर्छ । युथ काउन्सिलले जवाफदेहिता, अधिकार र सशक्तीकरणजस्ता मान्यता राख्दछ । जेनजी आन्दोलनकारीहरूले पनि यसै किसिमको भाषा प्रयोग गरेको देखिन्छ । यस अर्थमा उनीहरूले गर्न खोजेको कार्यमा र उनीहरूको लक्ष्यमा एकरूपता देखिन्छ । त्यस सन्दर्भमा केही युथ काउन्सिलका युवाहरू संस्थागत रूपमा नभई व्यक्तिगत रूपमा भदौ २३ र २४ गतेको प्रदर्शनमा सामेल भएको हुन सक्दछ । तर, सङ्गठित रूपबाटै आन्दोलनमा लागेको देखिँदैन । अमेरिकन युथ काउन्सिल वैदेशिक आर्थिक सहयोगमा आफ्ना कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छ । जेनजी आन्दोलनलाई विदेशबाट सञ्चालित भन्न सकिने कुनै ठोस प्रमाण उपलब्ध छैन । संस्था नियमन गर्ने सरकारी संयन्त्रहरूसँगको यस आयोगका पदाधिकारीहरूको परामर्शबाट पनि यस विषयमा शङ्का गर्नुपर्ने ठोस आधार उपलब्ध भएन । तथापि, नेपाल वैदेशिक कोष आइरहँदा (त्यो पनि खास गरेर एउटा गैरसरकारी संस्थालाई सिधैँ कोष आउँदा) को अवस्थामा शङ्का गर्ने प्रवृत्ति छ र नेपालको भौगोलिक अवस्थितिका कारण शङ्का गर्नु स्वाभाविक पनि हो । सङ्घ संस्थाहरू नियमन गर्ने सरकारी संयन्त्रहरूमा समन्वयको कमी, यससम्बन्धी कानुनमा विद्यमान अस्पष्टता, एउटा देशले नेपालमा सिधा जनस्तरमा आर्थिक सहयोग गर्न सक्ने गरी गराएको सम्झौता, विभिन्न स्रोतबाट आउने कोषको यथार्थ लेखाजोखा नहुनु जस्ता कमीकमजोरीले विदेशबाट आउने अनुदानमा पारदर्शिताको कमी छ । यस सम्बन्धमा राज्यका संयन्त्रहरूले सूक्ष्म रूपमा अध्ययन अनुसन्धान गरी ठोस नीति नियम बनाई त्यस्ता आर्थिक स्रोत सुनिश्चित गर्न आवश्यक देखिन्छ ।

**भदौ २४ गतेको घटनाका सम्बन्धमा**

२०८२ भदौ २३ गते जेनजी युवा आन्दोलन मूलत: शान्तिपूर्ण, परिवर्तनमुखी र भ्रष्टाचारका विरुद्ध लक्षित थियो । त्यो आन्दोलनमा सङ्घीय संसद् परिसरको अगाडि प्रदर्शनकारी र सुरक्षाकर्मीहरूबिच भएको भिडन्तमा गोली लागी १७ जनाको मृत्यु सोही दिन र १२ जनाको केही दिनपछि मृत्यु भएको थियो, तीमध्ये केहीको मृत्यु विभत्स तरिकाको थियो । यस घटनाको प्रत्यक्ष जानकारी सामाजिक सञ्जालमार्फत प्रत्येक घरघरमा पुगेको थियो । जसका कारण सामान्य व्यक्तिहरूमा पनि सरकारी दमनप्रति आक्रोश प्रकट भई देशभरिकै आम नागरिकहरू भदौ २४ गते स्वत:स्फूर्त

बाँकी पृष्ठ ८ मा

### व्यङ्ग्यचित्रको कुनो




## महिलाहरू शिक्षित सँगसँगै राजनीतिक रूपमा पनि सचेत र सङ्गठित हुनुपर्ने



भक्तपुर, ३ असोज । लोकेश्वर महिला समूह इटाछेँको भेटघाट कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेशसभा सदस्य सृजना सैंजुले महिलाहरू शिक्षित सँगसँगै राजनीतिक रूपमा पनि सचेत र सङ्गठित हुनु जरूरी छ भन्नुभयो ।

समाजको विकासमा महिला र पुरूषको उत्तिकै योगदान हुने धारणा राख्दै उहाँले विचार र सही नेतृत्वले मात्र समाजमा परिवर्तन हुने बताउनुभयो ।

भनपा वडा नं. १५ का पूर्ववडाध्यक्ष रवीन्द्र खर्बुजाले भक्तपुरको सामाजिक, शैक्षिक, सरसफाइ र

बाँकी पृष्ठ २ मा



**पत्रकार थामीलाई श्रद्धाञ्जली**

गत भदौ १० गतेको भोटेकोसी बाढीमा परी बेपत्ता भएका राष्ट्रिय समाचार समिति (रासस)का पत्रकार कालिका खड्काका श्रीमान् पत्रकार टेकराज थामीको प्रतीकात्मक शव बनाएर शनिबार पशुपतिस्थित आर्यघाटमा श्रद्धाञ्जली दिइँदै । तस्बिर :चन्द्रकला क्षेत्री /रासस

# मिडिया म्यानिपुलेसनबारे अन्तरक्रिया

काभ्रे, ३ असोज । नेपाल मजदुर किसान पार्टी बनेपा नगर समितिको आयोजनामा मिडिया म्यानिपुलेसनबारे शुक्रबार बनेपामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य कृष्णकुमार वैद्यले कुनै निश्चित स्वार्थ वा उद्देश्य पूर्तिका लागि समाचार, सूचना वा भिजुअल सामग्रीहरूलाई बङ्ग्याएर, बदलेर वा गलत तरिकाले प्रस्तुत गर्ने प्रक्रिया नै मिडिया म्यानिपुलेसन भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “मिडिया म्यानिपुलेसनले कुनै राजनीतिक, सामाजिक वा व्यावसायिक फाइदाको लागि नियोजित रूपमा एकपक्षीय वा गलत सूचना प्रवाह गर्ने गर्दछ । सत्यता नभएको, पूर्णरूपमा काल्पनिक वा झूटा समाचारहरूलाई वास्तविक जस्तै बनाएर भ्रमित पार्नु हो ।”

घटनाको आफ्नो फाइदा हुने निश्चित अंश मात्र देखाएर मानिसहरूलाई भ्रममा पार्नु मिडिया म्यानिपुलेसनको उद्देश्य हुने उहाँले बताउनुभयो ।

नेमकिपा काभ्रेका सल्लाहकार डा. हरिप्रसाद मानन्धरले पुँजीवादी सञ्चारको लहैलहैमा सर्वसाधारण फस्ने गरेको हुँदा भ्रामक समाचारलाई चिर्नु आवश्यक भएको बताउनुभयो । पुँजीवादले कामदारवर्गको हितमा काम नगर्ने भएकोले खवप विश्वविद्यालयलाई वर्तमान दुईतिहाइको सरकारले बेवास्ता गरेको हो, उहाँले भन्नुभयो ।

नेमकिपा बनेपा नगर समितिका अध्यक्ष लक्ष्मीराम न्हुच्छेप्रधानले मिडिया म्यानिपुलेसनबाट सर्वसाधारण सचेत हुनुपर्ने बताउनुभयो ।

नेमकिपा बनेपा नगर समितिका सचिव ओमप्रसाद मानन्धरले सामाजिक सञ्जालमा देखिने समाचार, सूचना र भिडियोलाई एकतर्फी ढङ्गले हेर्न नहुने बताउनुभयो ।

कार्यक्रममा सत्यनारायण श्रेष्ठ, राममन्दिल श्रेष्ठ र बालकृष्ण दुवालले मिडिया म्यानिपुलेसनको विविध पक्षमा आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# बाराहीको साधारणसभासम्बन्धी विस्तारित बैठक

भक्तपुर, ३ असोज । बाराही बचत तथा ऋण सहकारी संस्था लि.को २७ औं वार्षिक साधारणसभाको विस्तारित बैठक असोज ३ गते शनिबार बोलाछैंमा




सम्पन्न भयो ।

संस्थाको वार्षिक साधारणसभाअन्तर्गत आयोजना गरिएको विस्तारित बैठकमा संस्थाबाट साधारणसभामा पेस गरिने प्रस्तावहरूको बारेमा भेगीय क्षेत्रमा गई सदस्यहरूको प्रस्ताव तथा सुझावहरू सङ्कलन गर्ने, साधारणसभामा बोल्न नसक्ने सदस्यहरूको पहुँच पुऱ्याउने र सदस्यहरूसमक्ष थप नजिकपना, आत्मीयता, अपनत्व बोध गराउने र सदस्यहरूको महत्त्व तथा जिम्मेवारीबारे भलाकुसारी गर्ने थलोको रूपमा साधारणसभा पूर्वसदस्य साक्षर गराउने उद्देश्यले यो पहिलो विस्तारित बैठक भएको हो ।

बैठकले संस्थाको आगामी आर्थिक वर्षका लागि तय गरिएका नीति, योजना तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सदस्यहरूको आर्थिक तथा सामाजिक उन्नतिमा थप योगदान पुऱ्याउने दिशामा जोड दिएको छ ।

सहभागी सदस्यहरूबिच संस्थाको विगत वर्षको प्रगति, वित्तीय अवस्था तथा आगामी कार्यदिशा, समग्र गतिविधि, उपलब्धि तथा आगामी योजनाका बारेमा सदस्यहरूबिच अन्तरक्रिया गरिएको थियो । संस्थालाई थप व्यवस्थित, पारदर्शी, सदस्यकेन्द्रित तथा प्रविधिमैत्री बनाउँदै लैजाने विषयमा समेत सुझाव तथा विचार आदानप्रदान गरिएको थियो ।

विस्तारित बैठक कार्यक्रममा सहभागी सदस्यहरूले संस्थाको सेवा, सुविधा तथा आगामी रणनीतिका सम्बन्धमा आफ्ना जिज्ञासा, सुझाव तथा धारणा राखेका थिए । सदस्यहरूबाट प्राप्त सुझावलाई संस्थाको आगामी कार्यक्रम तथा योजनामा समेट्दै सहकारीको संस्थागत विकास र सदस्य हितलाई प्राथमिकतामा राखेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

संस्थाका अध्यक्ष राधेश्याम सुवालले संस्थाको विगतको प्रगतिलाई सदस्य, सञ्चालक समिति, विभिन्न उपसमिति तथा कर्मचारीहरूको सामूहिक प्रयासको परिणाम भएको बताउँदै आगामी दिनमा सबै पक्षबिचको सहकार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । सदस्यहरूलाई नियमित रूपमा बचत गर्ने बानीलाई अझ प्रभावकारी बनाउन आग्रह गर्दै नियमित बचतले सदस्यको व्यक्तिगत आर्थिक सुरक्षा मात्र नभई संस्थाको वित्तीय आधारलाई समेत बलियो बनाउने धारणा व्यक्त गर्नुभयो । “सहकारीको वास्तविक शक्ति सदस्यहरू हुन् र सदस्यको विश्वास नै संस्थाको मुख्य पुँजी हो,” उहाँले भन्नुभयो ।

उहाँले संस्थाको ऋण लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्दै ऋणको सदुपयोग तथा समयमै भुक्तानी गर्ने संस्कार विकास गर्नुपर्ने, डिजिटल तथा प्रविधिमैत्री सेवाको विस्तार, युवा तथा नयाँ पुस्तालाई सहकारी अभियानसँग जोड्दै वित्तीय साक्षरता, सीप विकास तथा उद्यमशीलतामार्फत आत्मनिर्भर बनाउनमा जोड दिँदै विस्तारित बैठकमा सदस्यहरूबाट प्राप्त सुझाव, जिज्ञासा र प्रतिक्रियालाई संस्थाको नीति तथा कार्यक्रम निर्माणमा महत्त्वपूर्ण आधारका रूपमा लिइने उहाँले बताउनुभयो ।

सहकारी क्षेत्रमा पछिल्लो समय देखिएका चुनौतीलाई मध्यनजर गर्दै संस्थाले सुशासन, पारदर्शिता, जवाफदेहिता, वित्तीय अनुशासन र सदस्य हितलाई प्राथमिकतामा राखेर कार्यसम्पादन गर्दै आएको उहाँले बताउनुभयो ।

विस्तारित बैठकमा संस्थाका उपाध्यक्ष बलराम प्रजापति, सचिव विष्णुप्रसाद सुवाल, कोषाध्यक्ष रत्नकेशरी सुखुपायो तथा व्यवस्थापक शिवजी हाकुदुवाल, सञ्चालक सदस्य पुनेन्द्रप्रसाद कुसी, लेखा सुपरिवेक्षण समितिका संयोजक बालकृष्ण नागाले पनि बोल्नुभएको थियो ।

# सामूहिक बचत तथा ऋण सहकारीको २८ औँ वार्षिक साधारणसभा सम्पन्न



भक्तपुर, ३ असोज । सामूहिक बचत तथा ऋण सहकारीको २८ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भयो ।

संस्थाका अध्यक्ष राजाभाइ भेले श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उपाध्यक्ष कृष्णहरि सैँजुले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सभामा आर्थिक वर्ष २०८२/०८३ का सर्वोत्कृष्ट बचतकर्ता, ऋणी तथा संस्थाका कर्मचारीहरूलाई उहाँहरूले पुऱ्याउनुभएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो ।

कार्यक्रममा संस्थाका अतिथि शिवजी हाडाले आफू आबद्ध संस्थाको निरन्तर प्रगति र सफलताले सदस्यहरूमा पनि गर्व र विश्वासको अनुभूति गराउने बताउनुभयो ।

कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष धनेशराज राजोपाध्यायले संस्थाको खराब ऋण व्यवस्थापनलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

बागमती जिल्ला बचत तथा ऋण सहकारी सङ्घका सञ्चालक कृष्णगोविन्द लाखाजु र जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. का अध्यक्ष हरिकृष्ण बल्लले वर्तमान अवस्थामा सहकारी ऐन, नियम तथा संस्था सञ्चालनमा देखिएका व्यावहारिक चुनौतीहरूका विषयमा बोल्नुभएको थियो ।

***आमूल...***

गाउँमा जाँदा जनयुद्धको नाममा अराजकतावादी गतिविधि भइरहेको अनुभव सुनाउँदै अराजकतावादी विचारको सट्टा मार्क्सवादी, लेनिनवादी तथा माओ विचारबाट निर्देशित भई काम गरेको भए देशले काँचुली फेरिसक्ने थियो । जेनजी उपद्रवबाट आएको वर्तमान सरकारले विदेशी पुँजीलाई नै समर्थन गरिरहेको हुनाले कुनै पनि उपनिवेसको विरोध युवाहरूले गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । एनजीओ आइएनजीओको कारण भदौ २३ र २४ को प्रदर्शन भएको पुष्टि गर्दै सचेत युवाहरूले आलोचनात्मक दृष्टिकोणको विकास गर्नुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

नेक्रायुसङ्घका अध्यक्ष मिनबहादुर बाटाको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपाध्यक्ष लालबहादुर थापा, सचिव मुना तामाङ र जनगायक विनोद विकले पनि बोल्नुभयो ।

राष्ट्रिय भेलाको दोस्रो चरणमा नेमकिपा केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले स्थानीय तह र राजनीतिमा युवा पुस्ताबारे प्रशिक्षण दिँदै राजनीतिमा व्यापारीकरणको कारण समाज सेवाको भावनामा कमी आएको बताउनुभयो ।

कर्णालीका पहाडहरूमा फलफूल खेती गरी स्वदेशमै रोजगारको अवसर सिर्जना गर्न सके लाखौँ युवालाई रोजगार दिन सकिने उहाँले बताउनुभयो ।

युवा उमेरले नभई उसले बोकेको विचारबाट हुने स्पष्ट पार्दै प्रमुख प्रजापतिले प्रगतिशील विचारका युवा वास्तविक युवा हुने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुरलाई शिक्षा, स्वास्थ्यमा आजको अवस्थासम्म पुऱ्याउन पार्टीका अग्रज नेता कार्यकर्ताहरूको देन बिर्सन हुन्न; विदेशी डलरको लोभमा देश हितविपरीत काम गर्ने प्रवृत्ति गलत हो, उहाँले भन्नुभयो ।

पार्टीको चुनावी घोषणापत्रलाई अक्षरस: पालना गर्दै शिशु कक्षादेखि विश्वविद्यालयसम्मको शिक्षा दिन नगरपालिका लागिपरेको र विद्यार्थीलाई उच्च शिक्षाको पहुँचसम्म पुऱ्याउन वार्षिक १८ करोडसम्मको शैक्षिक कर्जा र ४ करोडभन्दा बढी रकमको छात्रवृत्ति प्रदान गर्दै आइरहेको उहाँले जानकारी दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य उकेश कवांले नेमकिपाले देशको सार्वभौमिकता र स्वाधीनता रक्षाका लागि गर्दै आइरहेको ऐतिहासिक राजनीतिक गतिविधिबारे स्पष्ट दृष्टिकोण राख्नु पर्ने धारणा व्यक्त गर्दै पश्चिमी देशहरूले नेपालमाथि गिद्धेदृष्टि राख्दै आइरहेको हुनाले युवा वर्ग राजनीतिक र वैचारिकरूपमा सङ्घर्षशील रहन आग्रह गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले जनताको प्रजातन्त्रका आधारभूत विशेषताबारे चर्चा गर्दै समाजवादभन्दा अघिको सङ्क्रमणकालीन अवस्था नै जनताको प्रजातन्त्र हो जसमा शोसित, पीडित मजदुर किसानले राष्ट्रिय पुँजीपतिवर्गसित मिलेर काम गर्ने व्यवस्था हुन्छ भन्नुभयो ।

जनताको प्रजातन्त्रमा देशप्रतिको कर्तव्य नै धर्मको रूपमा लिइने, शिक्षा र स्वास्थ्य नैसर्गिक अर्थात् नि:शुल्क हुने तर राज्यले उक्त सुविधा दिन नसके राज्यविरूद्ध मुद्दा हाल्न मिल्ने, आर्थिक समानतासहितको मानव अधिकारको व्यवस्था हुने, पद र पैसाको सदुपयोग हुने र सीप, क्षमताअनुसारको अधिकार उपयोग गर्ने उक्त व्यवस्थामा युवालाई सैन्य तालिम प्रदान गरिने उहाँले बताउनुभयो ।

नेपाल प्राध्यापक समाजका सदस्य सुवेगमान बिजुक्छेँले जलवायु परिवर्तन र यसको प्रभावबारे लामो समयदेखि तापमानमा वृद्धिको कारण हिमपहिरो गएको र उक्त पहिरोले थुनिएको ताल फुटेर रसुवा नुवाकोटमा बाढीको कहर देखिएको धारणा व्यक्त गर्नुभयो ।

उक्त प्रशिक्षण कार्यक्रमको बिचमा गायिका सपना शाही, विष्णु वि.क. र रोशना बेकोजूले साङगीतिक प्रस्तुति दिनुभएको थियो ।

***महिलाहरू...***

सांस्कृतिक परिवर्तनमा नेमकिपाका नेता-कार्यकर्ताहरूको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो ।

आयोजक समूहका संयोजक मन्जु लाखाजुको संयोजकत्वमा भएको उक्त कार्यक्रममा श्यामसुन्दर माता, राजन जति, सूर्यनारायण फाँजु, तुल्सीलक्ष्मी दुमरूलगायतले बोल्नुभएको थियो ।

# कृषि विश्वविद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै

चितवन, ३ असोज । कृषि तथा वन विज्ञान विश्व विद्यालयमा स्नातक तहमा अध्ययन गर्न इच्छुक विद्यार्थीको सङ्ख्या बढेको छ । गत वर्षको तुलनामा यस वर्ष प्रवेश परीक्षामा सहभागी भएका विद्यार्थीको सङ्ख्या बढेको हो ।

विश्व विद्यालयका उपकुलपति प्रा. डा. ऋषिराम कट्टेलका अनुसार गत शैक्षिकसत्रमा एक हजार ५०८ ले प्रवेश परीक्षा दिएकामा यस वर्ष एक हजार ६८७ जनाले आज प्रवेश परीक्षा दिएका छन् । विश्व विद्यालयले देशका विभिन्न छ ठाउँबाट एकैसाथ प्रवेश परीक्षा लिएको हो । विगतका वर्षहरूमा काठमाडौँ, हेटौँडा र चितवनको रामपुरमा मात्रै परीक्षा दिने व्यवस्था गरिएको थियो ।

यस वर्ष रामपुरबाट ५६८, काठमाडौँबाट ७०६, हेटौँडाबाट ६५, इटहरीबाट १४५, जनकपुरबाट ९१ र नेपालगञ्जबाट ११२ जनाले प्रवेश परीक्षा दिएका कट्टेलले जानकारी दिनुभयो । यस वर्ष फारम भर्नेको सङ्ख्या एक हजार ८०१ रहेकामा ११४ जना परीक्षामा उपस्थित भएका छैनन् ।

विश्वविद्यालयको केन्द्रीय क्याम्पस र आङ्गिक गरी नौ ठाउँमा ८५४ जना विद्यार्थीले पढ्न पाउँछन् । यस्तै सम्बन्धन प्राप्त आठ वटा निजी क्याम्पसमा ४०० जनाले अध्ययन गर्ने अवसर पाउँछन् । ती सबै जोड्दा एक हजार २५४ जनाले अध्ययन गर्न पाउनेछन् । तीमध्ये १२ जना विदेशी विद्यार्थी पनि पर्दछन् । उनीहरू प्रवेश परीक्षामा सहभागी हुनुपर्दैन ।

उपकुलपति प्रा. डा. कट्टेलले यस वर्ष विद्यार्थीको सङ्ख्या बढेकाले आङ्गिक र निजी सम्बन्धन प्राप्त क्याम्पसमा विद्यार्थी पुग्ने बताउनुभयो । गत वर्ष आठ वटा आङ्गिकमध्ये पाँच वटा विद्यार्थीको अभावमा नयाँ भर्ना भएका थिएनन् । निजी आठ वटा क्याम्पसले विद्यार्थी नपाउँदा बन्द छन् । कट्टेलले विद्यार्थी नपुगे आङ्गिक क्याम्पसलाई अनुसन्धान, नवपर्वतन र प्रसार केन्द्रको रुपमा विकास गर्ने लक्ष्य रहेको बताउनुभयो । विद्यार्थी नपुगेमा २१ दिनभित्र पुन: प्रवेश परीक्षा समेत गरिने उहाँले बताउनुभयो ।

प्रा. डा. कट्टेलले देशभरका क्याम्पसमार्फत प्रचारप्रसार गरी देशका छ ठाउँमा प्रवेश परीक्षा गरिएको र पाठ्यक्रम परिमार्जनसँगै गुणस्तरमा विकास हुँदा विद्यार्थीको आकर्षण बढेको बताउनुभयो । यस विश्वविद्यालयमा कृषि, पशु चिकित्सा विज्ञान तथा पशुपालन, मत्य विज्ञान र वन विज्ञान, विषयमा स्नातक, स्नातकोत्तर र विद्यावारिधिको अध्यापन हुन्छ ।

कृषि सङ्कायका डिन प्रा. डा. सुन्दर तिवारीले विदेशी विद्यार्थी पाँचको आवेदन प्राप्त भएको बताउनुभयो । ती विद्यार्थी भारत र बङ्गलादेशका हुन् । परराष्ट्र मन्त्रालयमार्फत अन्य विद्यार्थी आउने अपेक्षा गरिएको छ । विश्वविद्यालयमा तीन सङ्कायमा गरी विदेशी १२ जना विद्यार्थी यस शैक्षिक सत्रबाट भर्ना गरिँदै छ । तीमध्ये पाँच जना कृषि, तीन पशु चिकित्सा, एक मत्स्य विज्ञान र तीन जना वन विज्ञानका रहेका छन् । रासस



**कोरला नाका जोड्ने सडकमा सवारी साधनको चाप**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ स्थित खामभित्ताको पहिरो प्रभावित सडक पार गरेर मुस्ताङ र चीनको सिमाना कोरला नाकातर्फ जाँदै गरेका सवारी साधनहरू । भोटेकोसी बाढीपछि रसुवा नाका बन्द भएको र तातोपानी नाका सञ्चालन नभएकाले चीनसँगको व्यापारिक नाका कोरलामा चाप बढेको छ ।

*तस्वीर : सन्तोष गौतम/रासस*

# खेलाडीहरू समाज परिवर्तनको निम्ति पनि तयार हुनुपर्ने




भक्तपुर, ३ असोज । भनपा वडा नं. १ खेलकुद समितिको आयोजनामा शनिबार १ वडाव्यापी विद्यालयस्तरीय फुटसल प्रतियोगिता भयो । उक्त प्रतियोगितामा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले खेलाडीहरू समाज परिवर्तनको निम्ति पनि तयार हुनुपर्ने आवश्यकता औँल्याउँदै खेल जीवन सँगसँगै अध्ययन पनि गर्नुपर्नेमा जोड दिनुभयो ।

खेलाडी र विद्यार्थीले देश विदेशको समसामयिक विषयमात्र होइन इतिहास, भूगोल, समाज र संस्कृतिबारे पनि जानकार भइरहनुपर्ने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले खेलाडीहरू अनुशासित र मेहनती हुनुपर्ने उल्लेख गर्दै भनपाले हरेक वर्ष वडास्तरीय र नगरस्तरीय खेलकुद प्रतियोगिता गर्दै आएको चर्चा गर्नुभयो ।

कार्यक्रमका संयोजक लुनिस सुवालको सभापतित्वमा भएको सो कार्यक्रममा सूर्यप्रसाद श्रेष्ठले पनि बोल्नुभएको थियो ।

लिग कम नक आउटको आधारमा सो खेल खेलाइएको थियो ।

उक्त दिन लिटिल वर्ल्ड इङलिस स्कूल र अक्सफोर्ड (०-०), राजर्षि गुरुकुल र मोडर्न स्कूल (१-१), सूर्यविनायक सेकेन्डरी स्कूल र गणेश सेकेन्डरी स्कूल (१-२) तथा राजर्षि गुरुकुल र अक्सफोर्ड प्राक्टिल स्कूल (०-१) बिच खेल भएको थियो ।

# ‘रोबोटिक्स कोडिङ एआई’ अन्तर्राष्ट्रिय प्रतियोगिताको लागि प्रतिनिधि छनोट सुरु

काठमाडौँ, ३ असोज । नेपालका तर्फबाट ‘रोबोटिक्स कोडिङ एआई’ अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागी हुने विद्यार्थी छनोट प्रक्रिया शनिबारदेखि सुरु भएको छ ।

निमा एजुकेशन फाउण्डेसनले शनिबार यहाँ एक कार्यक्रमसहित आगामी वर्ष हुने ‘कोडेभर अन्तर्राष्ट्रिय’ प्रतिस्पर्धामा भाग लिने नेपाली विद्यार्थी छनोट प्रक्रिया शुभारम्भ गरेको हो । सातदेखि १८ वर्ष उमेर समूहका विद्यार्थीले भाग लिन पाउने सो अन्तरराष्ट्रिय प्रतियोगितामा करिब ५० देशका प्रतिस्पर्धी हुने फाउण्डेसनले जनाएको छ ।

एआई रोबोटिक्सको प्रयोग गरी संयुक्त राष्ट्रसङ्घीय दिगो विकास लक्ष्य हासिल गर्न नवीन समाधानसहित कार्यक्रम तथा कार्ययोजना निर्माणमा प्रोत्साहित गर्ने अन्तर्राष्ट्रिय मञ्चमा प्रतिस्पर्धा गर्ने प्रक्रियामा सहभागी हुन मुलुकका अधिकांश विद्यालयबाट माग भइरहेको कोडेभर नेपालका कार्यक्रम संयोजक किरण श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार परिवर्तित विश्वपरिवेशमा आलोचनात्मक सोच, सिर्जशीलता, सहकार्य एवं सञ्चार गरी चार महत्त्वपूर्ण सीप र क्षमता विकासमा जोड दिने नीतिसहित नवप्रवर्तन तथा उद्यमशीलता, स्वच्छ ऊर्जा तथा विश्वव्यापी ऊर्जा सङ्कटसम्बन्धित चुनौतीको समाधान गर्न रोबोटिक्स तयार गर्ने र फुटबल खेल्ने रोबोटिक्स तयार गरी प्रतिस्पर्धा गर्ने कार्यक्रमको मुख्य लक्ष्य रहेको छ ।

उहाँका अनुसार गत वर्ष इन्डोनेसियाको जाकार्तामा सम्पन्न प्रतियोगितामा नेपालका पाँच हजार विद्यार्थीबाट छनोट भएका ९५ जना सम्मिलित ४० टोलीले भाग लिएको, छ वटा कीर्तिमानी अन्तर्राष्ट्रिय उपाधि जितेको र विश्वका ३० उत्कृष्टभित्र नेपालका तीन वटा प्रोजेक्ट पर्न सफल भएको थियो ।

जाकार्ताका साथै यसअघि सन् २०२४ मा दुबईमा ६० विद्यार्थीसहित २० टोली र सन् २०२५ मा कतारको दोहामा ७२ विद्यार्थीसहित १९ टोलीले ‘कोडेभर अन्तर्राष्ट्रिय’ प्रतियोगितामा भाग लिई उल्लेखनीय परिणाम ल्याउन सफल नेपालले यसपटक १० उत्कृष्ट मुलुकभित्र पर्नका लागि आवश्यक तयारी गरिहेको फाउन्डेसनका कार्यकारी अधिकृत निश्चल प्रधानले जानकारी दिनुभयो ।

उहाँले थाइल्याण्डमा हुने प्रतियोगिताअन्तर्गतको देशीय प्रतिस्पर्धी छनोट प्रक्रियामा करिब आठ हजार नेपाली विद्यार्थी सहभागी हुने अपेक्षा गरेको बताउँदै कार्यक्रम संयोजक श्रेष्ठले चरणबद्ध रूपमा निश्चित विधि-प्रक्रिया, कार्यक्षमता र मापदण्डका आधारमा छनोट हुने नेपाली विद्यार्थीले नवीन सूचना प्रविधिमा आधारित अन्तर्राष्ट्रिय प्रतियोगितामा उल्लेखनीय सफलता हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो । सो अन्तर्राष्ट्रिय प्रतियोगिता आगामी वैशाख, जेठमा हुने फाउन्डेसनले जनाएको छ ।

# नेपाल पुलिस स्कूललाई रनिङ फूटबल ट्रफीको उपाधि

भक्तपुर, ३ असोज: यस वर्षको सैनिक आवासीय महाविद्यालय अन्तरविद्यालय रनिङ फूटबल ट्रफीको उपाधि नेपाल पुलिस स्कूल, साँगाले हात पारेको छ । सैनिक आवासीय महाविद्यालय सल्लाघारी (भक्तपुर) को आयोजनामा सञ्चालन भएको २२ औं सैनिक आवासीय महाविद्यालय अन्तरविद्यालय रनिङ फूटबल ट्रफीको महाविद्यालयको घरेलु मैदानमा भएको फाइनल खेलमा महाविद्यालयलाई २-१ गोल अन्तरले पराजित गर्दै नेपाल पुलिस स्कूल, साँगाले उपाधि हात पारेको हो ।

शनिबार यहाँ आयोजित समापन कार्यक्रम कायममुकायम प्रधानसेनापति बलाधिकृत रथी प्रदीप जङ्ग केसीले विजेता नेपाल पुलिस स्कूललाई रु. ५० हजार नगद पुरस्कारसहित ट्रफी तथा प्रमाणपत्र प्रदान गर्नुभयो । उहाँले उपविजेता सैनिक आवासीय महाविद्यालय रातोलाई रु. ३० हजार नगद पुरस्कारसहित रनरअप ट्रफी तथा प्रमाणपत्र प्रदान गर्नुभयो । उहाँले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी, प्रशिक्षक तथा रेफ्रीहरूलाई विभिन्न विधामा पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।

पुरस्कार वितरणपछि कायम मुकायम प्रधानसेनापति बलाधिकृत केसीले विद्यार्थी जीवनमा खेलकुदको महत्त्व, अनुशासन, टोली भावना तथा स्वस्थ प्रतिस्पर्धाले व्यक्तित्व विकासमा पुऱ्याउने योगदान महत्वपूर्ण हुने बताउनुभयो ।

विद्यालयस्तरीय फूटबल खेलको विकास तथा विद्यार्थीहरूमा खेलकुद भावना, अनुशासन, नेतृत्व क्षमता र स्वस्थ प्रतिस्पर्धाको संस्कार विकास गर्ने उद्देश्यले आयोजना गरिएको उक्त प्रतियोगितामा सैनिक आवासीय महाविद्यालयका दुई टीमसहित उपत्यकाका विभिन्न विद्यालयका जम्मा १२ समूह सहभागी भएका महाविद्यालयका व्यवस्थापन प्रमुख कर्नेल शिव पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगिताका लिग तथा नकआउट चरणमा गरी कुल १९ वटा खेल सञ्चालन भएका थिए । रासस

# नाप नक्सा भएको सात वर्षपछि ३८८ परिवारले पाए पुर्जा

जनकपुरधाम, ३ असोज । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-१ का ३८८ परिवारले नाप नक्सा सम्पन्न भएको सात वर्षपछि जग्गाधनी प्रमाणपुर्जा पाएका छन् ।

साबिक रमदैया भवाडी गाविसका वडा नं २, ३, ४, ६, ७ र ८ का ती परिवारको जग्गाको नाप नक्सा विसं २०७४ मै सम्पन्न भए पनि दर्ता प्रक्रिया पूरा हुन नसक्दा पुर्जा वितरण हुन सकेको थिएन ।

क्षीरेश्वरनाथ नगरपालिकामा शनिबार आयोजित कार्यक्रममा नगर प्रमुख सुखदेव यादवले जग्गाधनीलाई प्रमाणपुर्जा वितरण गर्नुभयो । नाप नक्सा सम्पन्न भइसकेका नगरपालिका-२ का २४२ परिवारलाई आज जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने तयारी रहेको नापी कार्यालय धनुषाका प्रमुख उमेशकुमारले जानकारी दिनुभयो ।

नाप नक्सा सम्पन्न भए पनि विभिन्न कारणले दर्ता प्रक्रिया पूरा हुन नसकेका गाउँ ब्लक क्षेत्रका जग्गाको समस्या समाधान गर्दै जग्गाधनीलाई प्रमाणपुर्जा वितरण गर्न थालिएको उहाँले बताउनुभयो ।

यसअघि भदौ २९ गते हंसपुर नगरपालिका-५, साबिक सुगा निकास गाविस-३ का ३६५ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको थियो । रासस

। सम्पादकीय ।

# ‘बडो जुक्ति’ संविधान उल्लङ्घन कि रक्षा !?

संविधान दिवसको दिन असोज ३ गते आम सञ्चारमा प्रकाशित भयो - “राष्ट्रपति पौडेलले बडो जुक्तिले गत वर्ष भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम प्रधानमन्त्री नियुक्ति गरेर कार्कीकै सिफारिसमा प्रतिनिधिसभा भङ्ग र ६ महिनापछि २०८२ फागुन २१ गतेका दिन नयाँ निर्वाचन तोकेर संविधानको रक्षा गरे ।” यथार्थ यो होइन । राष्ट्रपति पौडेल सरकारी आवास शीतल निवास छाडेर गत वर्ष भदौ २४ गते सेनाको भैरवनाथ गणमा शरण लिन पुगेको र सरकारी आवास शीतल निवास आगजनी नरोकेकोलाई जिम्मेवारीबाट भागेको भन्न किन नमिल्ने ?

राष्ट्रपति पौडेलले प्रतिनिधिसभा भङ्ग गरी आफ्नो पद जोगाएको यतिबेला खुलिरहेको छ । गत वर्ष भदौ १४ गते यता देशभरि आगजनी भएपछि राष्ट्रपति पौडेललाई पनि राजीनामा गराउने प्रजातन्त्रविरोधीहरूको तयारी थियो । त्यसबेला पौडेल रोएर आफ्नो पद जोगाएको सार्वजनिक भयो । तत्कालीन प्रधानमन्त्री ओलीले राजीनामा नदिएका भए र राष्ट्रपति पौडेलले ओलीको राजीनामालाई तत्कालीन संसद्का राजनीतिक दलहरूसामु राखेका भए देशभरि आगजनी गर्नेहरूमाथि कारवाही हुने थियो ।

कोही कोही रास्वपा सरकार प्रमुखले संविधान दिवसमा शुभकामना दिन र सैनिक मञ्चमा बोल्न नचाहेकोमा गुनासो गर्दै छन् । मुख्य कुरा वर्तमान सरकार आउनुको पृष्ठभूमि केलाउने हो । अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको दबाबबिना गत वर्ष भदौ २४ गते देशभरिभैँ आगजनी भएको राज्यका सुरक्षा निकायले टुलुटुलु हेरेर बस्न सक्ला ? निश्चय नै सक्दैन ।

गत वर्ष भदौ २४ गते बिहान करिब ११ बजेतिर राष्ट्रपति कार्यालय शीतलनिवाससमेतमा आगजनी गर्ने साहस के नेपाली देशभक्त जनताले गर्नसक्थ्यो ? त्यतिबेला राष्ट्रपति कार्यालयमै हुँदा जलाउनेहरू अघि बढेनन् । अपराह्न ३ बजेतिर राष्ट्रपतिलाई शीतल निवास छोडेर बाहिर निस्कने सल्लाह दिने को को हुन् ? के देशमा विदेशीले आक्रमण गरेमा सबभन्दा पहिला राष्ट्रपति र प्रधानमन्त्री नै विदेश भाग्ने नेपाली जनताले अब बुझ्नुपर्ने हो र ? गत वर्ष भदौ २४ गते शीतल निवासबाट निस्कने राष्ट्रपतिलाई मुलुक र संविधानप्रति चिन्तित कसरी भन्न सकिएला ?

तत्कालीन प्रम ओलीले राजीनामा दिएको हुँदा गत वर्ष भदौ २४ गतेकै दिन राष्ट्रपतिले संसद्मा भएका राजनीतिक दलहरूलाई नयाँ प्रम चयन प्रक्रियामा आउन आह्वान गर्नुपर्ने थियो । राष्ट्रपतिले संविधानविपरीत भदौ २७ गते पूर्वप्रधानन्यायाधीश कार्कीलाई अन्तरिम प्रधानमन्त्री र ६ महिनापछिको लागि नयाँ चुनाव घोषणा गरिसकेपछि भोलिपल्ट भदौ २८ गतेमात्र ‘बडो जुक्तिले प्राप्त अवसर’ उल्लेख गरी वक्तव्य दिए । देश साम्राज्यवादी र विस्तारवादीको हातमा दिइसकेपछि ‘बडो जुक्तिले पाएको अवसर’ भन्दैमा नेपाली जनता कसरी पत्याउने ?

त्यसबेला एमालेको ओली सरकारलाई नेकाको समेत झन्डै दुईतिहाइको समर्थन थियो । नेका र एमालेका कुनै पनि सांसदहरूले राष्ट्रपति पौडेलको असंवैधानिक कदमको विरोध गरेनन् । तत्कालीन राजा महेन्द्रले २०१८ पुस १ गते नेकाका बीपी कोइरालाको सरकार अपदस्थ गरी निर्दलीय पञ्चायती व्यवस्था लादेको बेला नेकाकै सांसदहरूको समर्थन रहेको सार्वजनिक भएको थियो । ठीक त्यस्तै गत वर्ष भदौ २४ देखि २७ सम्मको घटनालाई नेका, एमाले र माओवादीका सांसदहरूले समर्थन गरेको आशङ्का बढ्यो । नेपाली जनताले यथार्थ खोजी गरौँ ।

# ‘द ग्रेजोन’ र कार्की आयोगको प्रतिवेदनको सङ्क्षिप्त विषय

✍ प्रज्ज्वल

संरा अमेरिकी सञ्चार माध्यम ‘द ग्रेजोन’ का खोज पत्रकार किट क्लारेनवर्गको भदौ २४ गते ‘सरकार परिवर्तनको अमेरिकी आवरणमा नेपालका नयाँ नेताहरू हुर्काइएको’ लेख सार्वजनिक भयो । निर्वाचन तथा राजनीतिक प्रक्रिया सबलीकरणको लागि साझेदारी समूह (CEPPS) ले रास्वपाका रवि लामिछाने, बालेन साह, सागर ढकाल, सुदन गुरूङलाई सहयोग गर्नुपर्ने सूचीमा राखेको थियो । CEPPS संरा अमेरिकी केन्द्रीय गुप्तचर संस्था सीआईएबाट सञ्चालित प्रजातन्त्रको लागि राष्ट्रिय सहयोग (NED) को एउटा शाखा भएको, अर्को शाखा अन्तर्राष्ट्रिय गणतान्त्रिक संस्था (IRI) भएको, आईआरआईको दुई प्रतिष्ठान निर्वाचन प्रणालीका अन्तर्राष्ट्रिय प्रतिष्ठान (IFES) र राष्ट्रिय प्रजातन्त्र प्रतिष्ठान (NDI) भएको सो लेखमा उल्लेख छ । यी अमेरिकी संस्थाहरूले नेपालको गत वर्ष भदौ २३ र २४ गतेको विद्रोहलाई उक्साएको पनि लेखमा उल्लेख छ । सो लेखमा रास्वपा र ‘हामी नेपाल’ लाई CEPPS ले चासोको सूचीमा राखेको, NED प्रायोजित CEPPS ले तालिम दिएका नेपालका धेरै नयाँ अनुहारलाई रास्वपाका नेता र सांसद बनाइएको पनि उल्लेख छ ।

नेपालका कतिपय सञ्चारमाध्यममा गत वर्ष भदौ २३ र २४ गतेको उपद्रवलाई जेनजीको स्वत:स्फूर्त क्रान्ति भनी लेखिएको तर नेडले नेपाली युवालाई अराजकता पैदा गर्न सिकाएको सो लेखमा उल्लेख छ । नेकाको समर्थन प्राप्त एमालेका प्रधानमन्त्री केपी ओलीले भदौ २४ गते राजीनामा दिएपछि राष्ट्रपति रामचन्द्र पौडेलले ओलीको सिफारिसअनुसार संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्ति गरे । अन्तरिम सरकारले जेनजी प्रदर्शनको क्षतिबारे छानबिन गर्न विशेष अदालतका पूर्वमुख्यन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा असोज ५ गते आयोग गठन गऱ्यो । सो आयोगले ढिलो गरी अर्थात् फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचन सकिएपछि फागुन २४ गतेमात्र प्रतिवेदन पेस गऱ्यो । सो प्रतिवेदन सञ्चारमाध्यममा प्रकाशित भयो तर सरकारले औपचारिक रूपमा सार्वजनिक गरेन । सो प्रतिवेदनमा उल्लेख आरोपीहरूलाई पनि रास्वपाबाट चुनावमा जिताइयो ।

कार्की आयोगको प्रतिवेदनमा भदौ २४ गते बिहान ‘हामी नेपाल’ का सुधन गुरूङ नेपाली सेनाको मुख्यालयमा पुगेको र ‘हामी नेपाल’ को ‘युथ अगेन्स्ट करप्सन’, र ‘युवा हब’ नाम भएका दुई ओटा सर्भर (भर्चुअल समुदाय) डिस्कर्डमा बढी सक्रिय भएको, सन् २०२५ मा अमेरिकी युवाहरूले गेमरहरूबिच सहकार्यको लागि डिस्कर्ड निर्माण गरिएको, अन्तरिम सरकारका प्रधानमन्त्री सुशीलालाई डिस्कर्डमा मत लिएर चयन गरिएको पनि उल्लेख छ । सामाजिक सञ्जाल सन् २०१० मा प्रवेश भएको अल्गोरिदम गलत सूचना फैलाउने विषजस्तै भएको, भदौ २३ गतेपूर्व नै नेपाली जेनजी आन्दोलनकर्ताले “श्रीलङ्काले गऱ्यो, बङ्गलादेशले गऱ्यो, अब नेपालको पालो, हामी गोर्खाली उठ्ने समय भएको छ” लगायत पोस्ट गरेको पनि कार्की आयोगको प्रतिवेदनमा उल्लेख छ ।

केही सामाजिक सञ्जालमा प्रेषित भएका सूचनामा भदौ २३ गते अघि नै एआई निर्मित सिंहदरबारलगायत सार्वजनिक संस्था जलाइएको, विध्वंस गरिएको भिडियोहरू रहेको, डिस्कर्डको एउटा समूहमा पेट्रोल बम बनाउने, तोडफोड, लुटपाट र आगजनी गर्न प्रेषित गरिएको तर यी सबै प्रेषित विषयलाई तत्कालीन ओली सरकारले बेवास्ता गरी बसेको पनि कार्की आयोगको प्रतिवेदनमा उल्लेख छ ।

अमेरिकी खोज पत्रकार क्लारेनवर्गले आफ्नो लेखमा सीआईएको छाया नेडले अमेरिकी अनुकूल नबस्ने निकारागुआ, भेनेजुयला, युक्रेन, हाइटीमा सरकारविरोधीहरूलाई उक्साएको, सुशीला कार्कीको अन्तरिम सरकारले गठन गरेको छानबिन आयोगको प्रतिवेदनअनुसार जेनजी प्रदर्शनको नाममा निहत्था जनताको हत्या र देशभरिभैँ आगजनी गर्ने आरोपीमाथि कारबाही नगरेको बरू नयाँ पार्टी खोल्न लगाई तिनीहरूलाई सरकारमा पुग्ने गरी निर्वाचन प्रचार गर्न सिकाएको उल्लेख छ । यथार्थ पनि यही हो । देश र जनताको नि:स्वार्थ सेवाको लागि स्थापना भएका राजनीतिक पार्टीहरू २-४ वर्षमा सरकारमा पुग्ने गरी चुनाव जितेको कतै नभएको पनि अध्येताहरू बताउँदै छन् ।

कार्की आयोगको प्रतिवेदनमा भदौ २३ गते शान्तिपूर्ण प्रदर्शन गर्ने भनिए पनि बानेश्वरमा तिब्बती शुद्ध रगत (TOB) लेखिएको कालो शर्ट लगाएका मोटरसाइकल पड्काउँदै चालकहरू होहल्लामा लागेपछि प्रहरीसँग भिडन्त सुरू भएको, बानेश्वरका प्रत्यक्षदर्शीका अनुसार कर्फ्यु जारी गर्नुअघि प्रशासनले मेगाफोनमार्फत सूचना दिएको तर प्रभावकारी नभएको र त्यसैको परिणाम हताहत धेरै भएको उल्लेख छ ।

भदौ २३ र २४ गतेको उपद्रवअगाडि नै संरा अमेरिकी संस्थाहरू सीआईए, नेड, आइआरआई, CEPPS, NDI, IFES, SFT लगायतका संलग्न रहेका विदेशी सञ्चारमाध्यममा प्रकाशित भइरहे पनि यसबारे त्यसबेलाका सरकार प्रमुख एमालेका केपी ओली र ओलीलाई समर्थन गर्ने नेकाका देउवा, गगनलगायतले केही बोलिरहेका छैनन् । ओलीले त्यसबेला सुरक्षा निकायका प्रमुखहरूलाई ‘आ-आफ्नो जिम्मेवारी बहन गर्नू’ भनी निर्देशन दिएको बोले । उनले अमेरिकी संस्थाहरूबाट नेपाली युवालाई उपद्रवको प्रशिक्षण भएको बारे किन बोलेनन् ? यो प्रश्न हालसम्म अनुत्तरित छ ।

नेका र एमालेका समर्थनमा तीनपटक प्रधानमन्त्री भएका तत्कालीन माओवादी र हाल नेकपा भनिएका पुष्पकमल दाहालले केही समयअघि आफूलाई टीओबी, बारबरालगायतको गतिविधिबारे थाहा भएको तर नेका, एमालेसमेतको तागतको अगाडि तिनीहरूको केही नलाग्ने भनी मौन बसेको खुलासा गरेका थिए । दाहालले जेनजीको भदौ २३ गतेको आन्दोलनलाई यथार्थ र भदौ २४ गतेपछि विदेशी घुसपैठ भएको बताए । उनले पनि कुन विदेशी घुसपैठ भए स्पष्ट भन्न सकेनन् । के देउवा, ओली, दाहाल, गगनलगायत ३५ वर्षयता पटक-पटक सरकारमा गएका दलका नेताहरूले अमेरिकी खोज पत्रकार क्लारेनवर्ग र जिम नोरेकासका लेखहरू जसमा जेनजी उपद्रवमा संरा अमेरिकी सरकारका गुप्तचर संस्था सीआईए र यसअन्तर्गतका संस्थाहरू संलग्न भएको अध्ययन गरेका छैनन् ? के यी नेताहरू यति अनभिज्ञ हुन् ?

# निषेधको निषेध द्वन्द्वात्मक भौतिकवादको अर्को नियम

भौतिक द्वन्द्ववादका तीन नियममा विरोधीहरूबिच एकता र सङ्घर्ष, मात्राको गुणमा परिवर्तन र निषेधको निषेध हो । यसअघि दुइटा नियमबारे चर्चा गरिसकेको छ । अहिले यहाँ निषेधको निषेधबारे चर्चा गरिनेछ । कुनै वस्तुलाई हटाई त्यसको ठाउँमा अर्को वस्तुले हटाई नयाँ वस्तु उत्पादन हुन्छ या बन्छ भने त्यो निषेधको निषेध नियमभित्र पर्छ । पहिलेको वस्तुको सट्टा अर्को नयाँ वस्तु तयार हुन्छ । यस प्रक्रियालाई निषेधको निषेध भनिन्छ । मानौँ, मकैको गेडा रोपेपछि केही समयपछि बिरुवा उम्रिन्छ । त्यो बिरुवाले मकैको बीउ निषेध गर्छ । समयको गतिसँगै बिरुवा बढ्दै जान्छ र पछि घोगा लाग्छ । त्यो पाकेपछि बोटको निषेध हुन्छ । यही हो निषेधको नियम । यो विज्ञानसम्मत छ । यसैले द्वन्द्वात्मक भौतिकवाद कसैको कल्पना होइन; यो व्यवहारसिद्ध हुन्छ । यो वैज्ञानिक सिद्धान्तमा आधारित छ ।

यो नियम प्रकृति र सामाजिक जीवनको क्षेत्रमा पनि लागू हुन्छ । एउटा ऋतुले अर्को ऋतुको निषेध गर्छ । पुँजीवादलाई समाजवादले निषेध गर्छ । समाजवादलाई साम्यवादले निषेध गर्छ । सृष्टिको हरेक प्रक्रिया निषेधको निषेधमा आधारित हुन्छ । हेर्दा यो दोहोरिएको जस्तो हुन्छ । तर, त्यो होइन । पहिलेको वस्तुभन्दा पछि उत्पादित या तय भएको समाज गुणात्मक रूपले जन्म या तयार भएको हुन्छ ।

प्रश्न उठ्छ, हरेक वस्तुमा निषेधको निषेध नियम लागू हुने भएकोले साम्यवादी समाजको पनि निषेध हुन्छ । यो नियम लागू हुन परस्परविरोधी पक्षबिच सङ्घर्ष हुनु आवश्यक छ । तर, साम्यवादी समाजमा परस्परविरोधी वर्गबिच सङ्घर्ष हुँदैन । त्यसैले, त्यो समाजको निषेध हुँदैन । साम्यवादी समाज वर्गविहीन समाज हुन्छ । त्यहाँ कुनै भेदभाव हुँदैन । सबैको खानपिनको व्यवस्था हुन्छ । कसैले कसैलाई शोषण गर्दैन । हुन त यो संसारमा सृष्टि भएका वस्तु कुनै दिन क्षय या नास हुन्छ । कुन दिन पृथ्वीमा के उथलपुथल हुने हो भन्न सकिँदैन ।

आमूल परिवर्तनका विरोधीहरू अहिले पनि द्वन्द्वात्मक भौतिकवाद विज्ञानसम्मत छैन; मार्क्सवाद पतन हुँदै छ भनी ध्वाङ फुक्दै छन् । तर, यो विज्ञानसम्मत दर्शनलाई कसैले गाली गरेर, झूटा फलाकेर अन्त्य हुने होइन । यो कुनै काल्पनिक दर्शन होइन । भौतिकवाद वस्तु, प्रकृति र इतिहासको तथ्यमा आधारित छ । यो दर्शन द्वन्द्ववादी छ । द्वन्द्ववादको प्रमाण प्रकृति हो । विज्ञानले द्वन्द्ववादको पुष्टि गरेको छ । द्वन्द्ववादका नियम वैज्ञानिक छन् । मार्क्सको समाजवाद कल्पनावादविरोधी छ । उत्पादनको विकासको बाधक साम्राज्यवादी एवम् युद्धपिपासु पुँजीपतिवर्ग नै हो । समाजवादको वकालत गर्दै कथित लोकतन्त्रको नाउँमा बहुसङ्ख्यक जनतामाथि लाद्ने, शोषण, दमन गर्ने, दबाउन चाहनेहरू कहिले पनि सच्चा कम्युनिस्ट हुँदैनन् । आज जुन सिद्धान्त र विचारको पतनको वकालत गरिएको छ, त्यो मार्क्सवाद होइन । यो पुँजीवादी विचारधाराकै एउटा अर्को रूप संशोधनवाद हो । अत: द्वन्द्वात्मक भौतिकवाद विज्ञानसम्मत दर्शन हो; यो अन्त्य हुँदैन । हो, द्वन्द्वात्मक भौतिकवादको दर्शन छाँटेर त्यसअनुसार मार्ग तयार नगरी अर्कै बाटोमा लाग्ने कम्युनिस्टहरू नक्कली हुन्छन् । सिद्धान्त र दर्शन छाँटेर त्यही सिद्धान्त र दर्शनको विरोध गर्ने, दर्शनविपरीत अघि बढ्ने राजनीतिक दलहरू नेपालमा नदेखिएको होइन । विज्ञान, प्रविधि र विचारको युगमा शत्रु र मित्रबिचमात्र होइन मित्र र मित्र शक्तिबिच पनि बडो चनाखो भएर अघि बढ्नुपर्ने स्थिति छ । एकातिर कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारलाई जनताको घर आँगन र बस्ती-बस्तीमा पुऱ्याएर बुझाउनु तड्कारो आवश्यकता छ भने अर्कोतिर कम्युनिस्ट पार्टीकै सिद्धान्त र विचारको खोल ओढेर झूटको राजनीति गर्ने या गलत बाटोमा लाग्ने दलहरूदेखि सतर्क हुनुपर्ने स्थिति छ ।

वर्गीय शत्रुको विरोधमा प्रचारप्रसार गर्ने, कुनै दलले गर्ने षड्यन्त्र, चलखेलबारे जनतालाई बुझाउनुपर्ने अर्को दायित्व कम्युनिस्ट पार्टीको रहेको छ । कम्युनिस्ट पार्टीले दलको सिद्धान्त र विचारबारे जनतालाई सुसूचित पार्ने, नक्कली कम्युनिस्ट पार्टीले गर्ने झूटा प्रचारबारे सचेत पार्ने र वर्गशत्रुविरुद्ध लड्नेमात्र होइन उनीहरूको कमी कमजोरी औँल्याउने, सामन्त, पुँजीपतिवर्गको शासन पल्टाएर समाजवादी स्थापना गर्न वर्गसङ्घर्ष गर्नुपर्ने आवश्यकताबारे पनि काम गर्नुपर्ने हुन्छ । हो, कम्युनिस्टहरू वर्गसङ्घर्षलाई विश्वास गर्छन् । वर्गसङ्घर्षबिना देशमा आमूल परिवर्तन सम्भव छैन ।

# पुँजीवादले कसरी प्राकृतिक विपत्ति निम्त्याउँछ ? मार्क्सको यस्तो छ विश्लेषण !

मानव सभ्यता यतिबेला इतिहासकै गम्भीर पर्यावरणीय, सामाजिक र मानवीय सङ्कटको भूमरीमा उभिएको छ । विश्वभर बढ्दो तापमान, अनियन्त्रित बाढीपहिरो, हिमताल विस्फोट, समुद्री आँधी, खडेरी र वायु प्रदूषणले पृथ्वीको जैविक सन्तुलनलाई नै ध्वस्त बनाइरहेका छन् । यस्ता विपत्तिहरूलाई प्राय: 'प्राकृतिक प्रकोप' वा दैवी घटनाका रूपमा व्याख्या गरेर पन्छिने परम्परागत चलन छ । तर, गहिरिएर हेर्दा आधुनिक युगका अधिकांश महाविपत्तिहरू केवल आकस्मिक प्राकृतिक घटना नभई पुँजीवादी उत्पादन प्रणाली, नाफाको अन्धाधुन्ध दौड र प्रकृतिको सीमाहीन दोहनका प्रत्यक्ष परिणाम हुन् ।

पुँजीवाद र विपत्तिबिचको यो संरचनागत सम्बन्धलाई १९ औँ शताब्दीमै द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट पहिलोपटक वैज्ञानिक ढङ्गले उजागर गर्ने दार्शनिक कार्ल मार्क्स थिए । मार्क्सले पुँजीवादले श्रमजीवीवर्गको मात्र होइन, प्रकृतिको समेत निर्मम शोषण गर्दछ भन्ने तथ्यलाई आफ्ना विभिन्न कालजयी कृतिहरूमा सविस्तार व्याख्या गरेका छन् ।

कार्ल मार्क्सले पुँजीवादी उत्पादन प्रणालीको विकासक्रमसँगै मानिस, समाज र प्रकृतिबिचको सन्तुलन कसरी भत्किन्छ भन्ने विषयलाई आफ्ना प्रारम्भिक लेखनदेखि 'दास क्यापिटल' सम्म निरन्तर विश्लेषण गरेका छन् ।

**१. इकोनोमिक एन्ड फिलोसोफिकल म्यानुस्क्रिप्ट्स (१८४४):**

आफ्नो प्रारम्भिक पाण्डुलिपि Economic and Philosophic Manuscripts of 1844 मा मार्क्सले 'अलगावको सिद्धान्त' (Theory of Alienation) प्रतिपादन गरे । मार्क्सका अनुसार पुँजीवादअन्तर्गत श्रमिक आफूले उत्पादन गरेको वस्तु र श्रम प्रक्रियाबाट मात्र होइन, सिङ्गो प्रकृतिबाट समेत अलग (Alienate) हुन्छ । पुँजीवादले प्रकृतिलाई मानव जीवनको अभिन्न अङ्ग मान्नुको सट्टा त्यसलाई केवल खरिद-बिक्री हुने वस्तुमा सीमित गरिदिन्छ ।

**मूल अङ्ग्रेजी लेखन :**

"Nature is man's inorganic body - that is to say, nature insofar as it is not itself human body. Man lives on nature - means that nature is his body, with which he must remain in continuous interchange if he is not to die. That man's physical and spiritual life is linked to nature means simply that nature is linked to itself, for man is a part of nature."

**नेपाली अनुवाद :**

"प्रकृति मानिसको 'अजैविक शरीर' हो अर्थात् मानव शरीरभन्दा बाहिर रहेको प्रकृति । मानिस प्रकृतिको सहारामा बाँच्दछ भन्नुको अर्थ यो हो कि प्रकृति उसको यस्तो शरीर हो, जससँग जीवित रहनका लागि उसले निरन्तर संवाद र अन्तरक्रिया गरिरहनुपर्छ । मानिसको भौतिक र आध्यात्मिक जीवन प्रकृतिसँग जोडिएको छ भन्नुको सीधा अर्थ मानिस प्रकृतिको एक अभिन्न अङ्ग हो ।"

**२. ग्रुन्ड्रिस (१८५७-१८५८) : प्रकृतिको चरम वस्तुकरण**

मार्क्सले Grundrisse (Outlines of the Critique of Political Economy) मा पुँजीको सर्वव्यापी विस्तारवादी चरित्रको व्याख्या गरेका छन् । पुँजीले प्रकृतिका सबै सीमा, ऋतु र प्राकृतिक नियमहरूलाई आफ्नो नाफाको बाधक ठान्छ र ती सीमाहरूलाई भत्काउन खोज्छ । मार्क्सले लेखेका छन् कि पुँजीवादले प्रकृतिका सम्पूर्ण अङ्गहरूलाई केवल उपयोगिताको वस्तु (Utility) मा रूपान्तरण गर्दछ र प्रकृतिलाई आफ्नो स्वतन्त्र शक्तिबाट वञ्चित गरी नाफाको साधन बनाउँछ ।

**मूल अङ्ग्रेजी लेखन :**

"For the first time, nature becomes purely an object for humankind, purely a matter of utility; ceases to be recognized as a sovereign power; and the theoretical discovery of its autonomous laws appears merely as a ruse so as to subject it under human needs, whether as an object of consumption or as a means of production."

**नेपाली अनुवाद :**

"इतिहासमा पहिलो पटक प्रकृति मानवजातिका लागि केवल एउटा वस्तु र शुद्ध उपयोगिताको साधन बन्न पुग्छ; यसको सार्वभौम शक्तिलाई स्वीकार गर्न छाडिन्छ र यसका स्वायत्त नियमहरूको सैद्धान्तिक खोज यसलाई मानवीय उपभोगको वस्तु वा उत्पादनको साधनका रूपमा अधीनस्थ गर्ने चालबाजी मात्र बन्न पुग्छ ।"

**३. दास क्यापिटल, खण्ड १ (१८६७) : माटो र मजदुरको दोहोरो विनाश**

आफ्नो प्रमुख कृति Capital, Volume I को अध्याय १५ मा मार्क्सले पुँजीवादी कृषि र औद्योगिकीकरणले प्रकृतिको उर्वरतालाई कसरी लुट्छ भन्ने प्रस्ट पारेका छन् । पुँजीवादले अल्पकालीन नाफाका लागि प्रकृतिको दीर्घकालीन स्रोतलाई ध्वस्त बनाउँछ । मार्क्सले पुँजीवादले धनका दुई प्राथमिक स्रोत-माटो (प्रकृति) र मजदुर (श्रम)-दुवैलाई एकैसाथ निचोर्ने तथ्य उजागर गरेका छन् ।

**मूल अङ्ग्रेजी लेखन :**

"All progress in capitalist agriculture is a progress in the art, not only of robbing the worker, but of robbing the soil; all progress in increasing the fertility of the soil for a given time is a progress towards ruining the more long-lasting sources of that fertility. ... Capitalist production, therefore, only develops the technique and the degree of combination of the social process of production by simultaneously undermining the original



sources of all wealth-the soil and the worker."

**नेपाली अनुवाद :**

"पुँजीवादी कृषिमा हुने प्रगति मजदुरलाई लुट्ने कलामा मात्र होइन, माटोलाई लुट्ने कलामा समेत हुने प्रगति हो; निश्चित अवधिका लागि माटोको उर्वरता बढाउने हरेक प्रगति त्यस उर्वरताका दीर्घकालीन स्रोतहरूलाई नष्ट गर्ने प्रगति हो । ... त्यसैले पुँजीवादी उत्पादनले प्रविधि र सामाजिक उत्पादन प्रक्रियाको संयोजनलाई केवल त्यतिबेला मात्र विकास गर्छ, जब यसले सबै धनका मूल स्रोतहरू-माटो र मजदुरलाई एकैसाथ नष्ट गर्दछ ।"

**४. दास क्यापिटल, खण्ड ३ (१८९४) : मेटाबोलिक रिफ्ट (Metabolic Rift)**

मार्क्सको मृत्युपछि फ्रेडरिक एङ्गेल्सद्वारा सम्पादित Capital, Volume III मा मार्क्सले 'उपापचयी दरार' वा 'मेटाबोलिक रिफ्ट' (Metabolic Rift) को अवधारणा प्रस्तुत गरे । पुँजीवादले मानिस र जमिनबिचको प्राकृतिक जैविक चक्रलाई सहर र गाउँको विभाजनमार्फत भत्काइदिन्छ । गाउँबाट कच्चा पदार्थ र खाद्यान्न सहरमा ल्याइन्छ तर त्यसको फोहोरलाई पुन: माटोमा पोषणका रूपमा फर्काउनुको सट्टा सहरलाई प्रदूषित बनाइन्छ र माटोलाई बाँझो पारिन्छ ।

**मूल अङ्ग्रेजी लेखन :**

"Capitalist production disturbs the metabolic interaction between man and the earth, i.e. it prevents the return to the soil of its constituent elements consumed by man in the form of food and clothing; hence it hinders the operation of the eternal natural condition for the lasting fertility of the soil."

**नेपाली अनुवाद :**

"पुँजीवादी उत्पादनले मानिस र जमिनबिचको प्राकृतिक उपापचयी सम्बन्ध (Metabolism) मा अपूरणीय दरार उत्पन्न गर्दछ अर्थात् यसले मानिसद्वारा उपभोग गरिएका खाद्य तथा कपडाका रूपमा माटोबाट लिइएका तत्त्वहरूलाई पुन: माटोमै फर्किनबाट रोक्छ, जसले गर्दा माटोको उर्वरतालाई दिगो राख्ने शाश्वत प्राकृतिक सर्त नै भङ्ग हुन पुग्छ ।"

**५. फ्रेडरिक एङ्गेल्सको चेतावनी : डायलेक्टिक्स अफ नेचर (१८७६/१८८३)**

मार्क्सका अनन्य मित्र तथा सहयात्री फ्रेडरिक एङ्गेल्सले Dialectics of Nature अन्तर्गतको प्रसिद्ध निबन्ध The Part Played by Labour in the Transition from Ape to Man मा प्रकृतिको अन्धाधुन्ध विनाशले ल्याउने भयानक विपत्तिबारे चेतावनी दिएका थिए ।

**मूल अङ्ग्रेजी लेखन :**

"Let us not, however, flatter ourselves overmuch on account of our human victories over nature. For each such victory nature takes its revenge on us. Each victory, it is true, in the first place brings about the results we expected, but in the second and third places it has quite different, unforeseen effects which only too often cancel the first."

**नेपाली अनुवाद :**

"प्रकृतिमाथि हामीले हासिल गरेका मानव विजयहरूमा हामी धेरै आत्ममुग्ध नबनौँ । किनकि त्यस्ता प्रत्येक विजयको बदला प्रकृतिले हामीसँग लिन्छ । हरेक विजयले पहिलो चरणमा हामीले चाहेको नतिजा त दिन्छ, तर दोस्रो र तेस्रो चरणमा त्यसका पूर्णत: फरक र अप्रत्याशित परिणामहरू निस्कन्छन्, जसले पहिलो सफलतालाई समेत नामेट पारिदिन्छ ।"

**साम्राज्यवादी दोहन र सङ्कट**

कार्ल मार्क्स र एङ्गेल्सले १९ औँ शताब्दीमा गरेको यो सैद्धान्तिक विश्लेषण आज २१ औँ शताब्दीमा अझ डरलाग्दो रूपमा चरितार्थ भएको छ । वर्तमान विश्व पुँजीवाद उद्योग र बजारमा मात्र सीमित छैन; यो सैन्य-औद्योगिक गठबन्धन (Military-Industrial Complex), रासायनिक युद्ध, हतियारको विशाल व्यापार र बहुराष्ट्रिय कम्पनीहरूको एकाधिकारमा आधारित छ ।

विश्वका प्रमुख साम्राज्यवादी तथा पुँजीवादी शक्ति राष्ट्रहरूले असीमित नाफा कमाउनका निम्ति भूमण्डलीय स्तरमा प्राकृतिक स्रोतहरूको अत्यधिक दोहन गरिरहेका छन् :

**हतियार उत्पादन र युद्ध उद्योग :** विश्वव्यापी हतियारको होडबाजी, आणविक तथा रसायनिक हतियार परीक्षण र युद्धहरूले पृथ्वीको वायुमण्डल, जलस्रोत र भूभागमा व्यापक विनाश पुऱ्याइरहेका छन् । युद्ध उद्योग विश्वमा सबैभन्दा धेरै कार्बन उत्सर्जन गर्ने र विषालु रसायन फैलाउने माध्यम बनेको छ ।

**जीवाश्म इन्धनको अन्धाधुन्ध दोहन :** बहुराष्ट्रिय निगमहरूको नाफा जोगाउनका लागि पेट्रोलियम, कोइला र ग्यासको अनियन्त्रित दोहन गरिँदा पृथ्वीको तापक्रम अनपेक्षित रूपमा बढेको छ, जसले विश्वव्यापी जलवायु परिवर्तन (Global Climate Crisis) निम्त्याएको छ ।

**वातावरणीय असमानता :** पुँजीवादी व्यवस्थाको विडम्बना के हो भने, प्रकृतिको दोहन गरेर अर्बौं-खर्बौं डलर नाफा कमाउने शक्ति राष्ट्रहरू हुन्, तर त्यस दोहनबाट सिर्जित पर्यावरणीय विपत्तिको सबैभन्दा ठुलो मूल्य भने गरिब तथा तेस्रो विश्वका मुलुकहरूले चुकाउनु परिरहेको छ ।

**रसुवा बाढी र पर्यावरण**

पछिल्लो समय नेपालको रसुवास्थित भोटेकोसी नदी तटीय क्षेत्रमा आएको प्रलयकारी बाढी, हिमताल तथा हिमनदीहरूको असामान्य पग्लिने क्रम र त्यसले निम्त्याएको अपार जनधनको क्षति कुनै पृथक वा स्थानीय घटना मात्र होइन । यो विश्व पुँजीवादले सिर्जना गरेको पर्यावरणीय सङ्कटको प्रत्यक्ष अभिव्यक्ति हो ।

नेपालजस्ता गरिब र विकासोन्मुख तेस्रो विश्वका मुलुकहरूको विश्वव्यापी कार्बन उत्सर्जन र वातावरणीय दोहनमा नगण्य भूमिका छ । तर, पश्चिमा तथा ठुला शक्ति राष्ट्रहरूले असीमित नाफा, हतियारको व्यापार, रासायनिक प्रदूषण र उपभोक्तावादी पुँजीवादका नाममा गरेको प्रकृतिको चरम दोहनको प्रत्यक्ष मार हिमालय क्षेत्रका गरिब जनतामाथि परिरहेको छ । उच्च हिमाली क्षेत्रका हिमनदी पग्लिनु, अनपेक्षित बाढीपहिरो आउनु र बस्तीहरू सखाप हुनु मूलत: धनी शक्ति राष्ट्रहरूको पर्यावरणीय अपराधको बोझ निर्दोष तेस्रो मुलुकका नागरिकले बोक्नुपरेको ज्वलन्त उदाहरण हो ।

अत: जबसम्म नाफाकेन्द्रित पुँजीवादी उत्पादन प्रणाली, स्रोतहरूको लुटपाट र साम्राज्यवादी सैन्य दोहनको अन्त्य हुँदैन, तबसम्म पर्यावरणीय विपत्तिहरू रोकिने छैनन् । मार्क्सले औँल्याएझैँ, मानिस र प्रकृतिबिचको सन्तुलन कायम गर्न पुँजीको अन्धाधुन्ध शासनको विकल्प खोज्दै प्रकृतिको संरक्षण र मानव जीवनको सुरक्षालाई केन्द्रमा राख्ने वैज्ञानिक तथा समाजवादी व्यवस्था निर्माण गर्नु नै आजको विश्वको अनिवार्य आवश्यकता हो ।

*साभार : लोकपाटी*






कोरियाली श्रमिक पार्टीका महासचिव तथा प्रजातान्त्रिक जन गणतन्त्र कोरियाको राज्य मामिलाका अध्यक्ष किम जोङ उन सेप्टेम्बर १६ देखि १८ सम्म प्रमुख हतियार औद्योगिक प्रतिष्ठानमा भएका उत्पादनको बारेमा जानकारी लिनुहुँदै सेप्टेम्बर १९, २०२६ को दिन । नेता किम जोङ उनले प्रत्येक शस्त्र उद्योगको उत्पादनको बारेमा विस्तृत जानकारी लिनुभयो ।

*तस्बिर : केसिएनए*

# युद्धको क्रममा युक्रेनबाट कब्जा गरिएका क्षेत्रमा रुसद्वारा संसदीय निर्वाचन

मस्को, ३ असोज (एपी) । रुसले युक्रेनबाट रुससित एकीकरण भएका क्षेत्रका बासिन्दालाई पहिलोपटक आफ्नो संसदीय निर्वाचनमा सहभागी गराएको छ । क्रेमलिनले आफ्नो नियन्त्रणलाई सुदृढ गर्ने प्रयासका रूपमा अघि बढाएको हो ।

रुसभर शुक्रबारदेखि सुरु भएको मतदान आइतबारसम्म चल्नेछ । तर, युक्रेनका रुसी नियन्त्रणमा रहेका क्षेत्र तथा रुसको सीमावर्ती केही क्षेत्रमा भने सुरक्षा कारण देखाउँदै गत महिनाको अन्त्यदेखि नै मतदान सुरु गरिएको थियो ।

रुसी अधिकारीहरूका अनुसार डोनेत्स्क, लुहान्स्क, खेरसन र जापोरिजिया क्षेत्रमा ३५ लाखभन्दा बढी मतदाता छन् । रुसले सन् २०२२ को सेप्टेम्बरमा यी क्षेत्रलाई आफूमा मिलेको घोषणा गरेको थियो । त्यतिबेला ती सबै भूभागमा उसको पूर्ण नियन्त्रण थिएन । रुसको उक्त कदमलाई अन्तर्राष्ट्रिय समुदायले मान्यता दिएको छैन ।

रुसी नियन्त्रणमा रहेको डोनेत्स्क क्षेत्रको एक मतदान केन्द्रमा सशस्त्र रुसी सैनिकको उपस्थितिमा मतदाताले मतदान गरेका थिए ।

राष्ट्रपति भ्लादिमिर पुटिनले बुधबारको सम्बोधनमा ती क्षेत्रका बासिन्दाले 'रुससँग पुनर्मिलन' पछि पहिलो पटक स्टेट ड्युमाका लागि मतदान गरिरहेको बताउँदै निर्वाचनको महत्त्वमा जोड दिनुभयो । युद्धमा सङ्लग्न रुसी सैनिकहरूले पनि मतदान गर्ने उहाँले उल्लेख गर्नुभयो ।

सन् २०१४ मा रुसले गाभेको क्रिमियामा पनि मतदान भइरहेको छ । युद्धका क्रममा भइरहेको स्टेट ड्युमाको यो पहिलो निर्वाचनले क्रेमलिनको राजनीतिक प्रभाव सुदृढ गर्ने र युद्धप्रतिको जनसमर्थन देखाउने उद्देश्य राखेको रुसी पक्षको भनाइ छ ।

युरोपेली आयोगका प्रवक्ता क्रिश्चियन विग्यान्डले ती क्षेत्रमा गरिएको मतदानलाई अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भन्दै युरोपेली सङ्घले निर्वाचन र त्यसका परिणामलाई मान्यता नदिने बताउनुभएको छ ।

# आर्थिक सङ्कटबिच बोलिभियाले आईएमएफको एक दशमलव नौ अर्ब डलर ऋण लिने

ला पाज (बोलिभिया), ३ असोज (एपी) । बोलिभियाका सांसदहरूले अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) सँगको एक दशमलव नौ अर्ब डलरको ऋण सम्झौता अनुमोदन गरेका छन् । देश गहिरो आर्थिक सङ्कटमा रहेका बेला सरकारले इन्धन अनुदान हटाउने निर्णय गरेपछि ट्रेड युनियनहरूले पुनः विरोध प्रदर्शनको चेतावनी दिएका छन् ।

तल्लो सदनबाट पारित भएको एक दिनपछि सिनेटले पनि सम्झौता अनुमोदन गरेको हो । यससँगै तीनवर्षे वित्तीय कार्यक्रम अघि बढाउन आवश्यक कानुनी प्रक्रिया पूरा भएको छ । कार्यक्रमको उद्देश्य घट्दो विदेशी मुद्रा सञ्चिति बढाउनु तथा उच्च मुद्रास्फीति र कमजोर आर्थिक वृद्धिदर प्रभावित अर्थतन्त्रलाई स्थिर बनाउनु हो ।

सम्झौता अनुमोदन भएको केही घण्टापछि राष्ट्रपति रोड्रिगो पाजले ट्रक, बस र ट्याक्टरमा प्रयोग हुने डिजेलमा दिइँदै आएको सरकारी अनुदान तत्काल खारेज गर्ने घोषणा गर्नुभयो । यसअघि पेट्रोलमा दिइँदै आएको अनुदानमा कटौती गरिए पनि निजी सवारीसाधनमा मुख्य रूपमा प्रयोग हुने पेट्रोलमा तत्कालका लागि अनुदान कायम रहनेछ ।

आईएमएफले बोलिभियासँग महिनौँको वार्तापछि जुलाईमा सम्झौताको घोषणा गरेको थियो । करिब दुई दशक लामो समाजवादी शासनपछि गत वर्ष सत्तामा आएको पाजको बजारमुखी सरकारले आर्थिक सुधार अघि बढाइरहेको छ ।

आईएमएफको कार्यकारी बोर्डले अनुमोदन गरेपछि मात्र ऋण रकम निकासा हुनेछ । अर्थमन्त्री क्रिस्टियन मोरालेसले सम्झौताले विश्व बैङ्क र अन्तर-अमेरिकी विकास बैङ्कलगायत अन्य ऋणदाताको सरकारप्रतिको विश्वास बढाउने र थप करिब पाँच अर्ब डलर वित्तीय सहयोग जुटाउन मद्दत गर्ने बताउनुभएको छ ।

तर, इन्धन अनुदान हटाउनेलगायतका आर्थिक सुधारका कदमले देशमा पुनः अशान्ति निम्त्याउने जोखिम बढेको छ । यसअघि जुन र जुलाईमा हप्तौँसम्म चलेको सडक अवरोधका क्रममा प्रदर्शनकारीहरूले राष्ट्रपति पाजको राजीनामा माग गरेका थिए । सडक खुलाउन सरकारले घोषणा गरेको सङ्कटकाललाई कङ्ग्रेसले बिहीबार थप ९० दिन लम्ब्याएको छ । यसअन्तर्गत सेना परिचालन र केही नागरिक स्वतन्त्रता निलम्बन गर्न सकिने व्यवस्था छ ।

देशको प्रमुख श्रमिक सङ्गठन 'बोलिभियन वर्कर्स सेन्ट्रल' लगायतका ट्रेड युनियनहरूले आईएमएफ ऋणको विरोध गरेका छन् । उनीहरूले सरकारी खर्च कटौतीलगायतका उपायले जीवनयापनको लागत बढाउने र आर्थिक रूपमा सङ्घर्षरत परिवारमाथि थप भार पर्ने बताएका छन् ।

पाजको क्रिश्चियन डेमोक्र्याटिक पार्टीले कङ्ग्रेसमा बहुमत नपाए पनि दुवै सदनमा प्रभावशाली मध्यमार्गी तथा दक्षिणपन्थी सांसदहरूले सम्झौताको समर्थन गरेका छन् । सन् २००५ मा कोका खेती गर्ने किसानका पूर्वनेता इभो मोरालेस राष्ट्रपति बनेपछि लामो समय बोलिभियाको राजनीतिमा प्रभाव जमाएको 'मुभमेन्ट टुवार्ड सोसलिज्म' पार्टीको अहिले तल्लो सदनका १३० मध्ये दुई सिट मात्र छन् भने ३६ सदस्यीय सिनेटमा उसको प्रतिनिधित्व छैन ।

प्राकृतिक ग्यासको निर्यात घटेसँगै पेट्रोल र डिजेल आयातका लागि आवश्यक डलरको अभाव भएपछि बोलिभियामा सन् २०२३ देखि इन्धन अभाव हुँदै आएको छ । अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्दा सरकारी अनुदानको भारसमेत बढेको छ ।

## होर्मुजमा तेलवाहक जहाजमाथि आक्रमण गरेको इरानको दाबी

तेहरान, ३ असोज (एपी) । इरानले होर्मुज जलडमरू हुँदै अघि बढिरहेको टोगोको झन्डा बोकेको तेलवाहक जहाजमाथि आक्रमण गरेको दाबी गरेको छ । इरानी अधिकारीहरूका अनुसार जहाजले अनुमतिबिना जलडमरू पार गर्न खोजेपछि कारबाही गरिएको हो ।

यद्यपि, उक्त दाबी स्वतन्त्र रूपमा पुष्टि हुन सकेको छैन । इरानले अनुमतिबिना जलडमरू पार गर्ने अन्य जहाजमाथि पनि कारबाही गर्ने चेतावनी दिएको छ ।

यसैबिच, अर्को तेलवाहक जहाजमाथि पनि अज्ञात वस्तुबाट आक्रमण भएको बताइएको छ । चालकदलका सबै सदस्य सुरक्षित रहेको जनाइएको छ ।

यमनमा हुथी समूहको गतिविधिका कारण बाब अल-मन्देब जलडमरूमा पनि व्यापारिक जहाजको आवागमन घटेको छ । मध्यपूर्वमा जारी द्वन्द्वका कारण महत्त्वपूर्ण समुद्री व्यापारिक मार्गहरू प्रभावित भइरहेका छन् ।

## विश्व सङ्क्षेप

### पाकिस्तानमा प्रहरी मुख्यालयमा आक्रमण, ३१ जनाको मृत्यु

कोहाट, पाकिस्तान, ३ असोज (एएफपी) । पाकिस्तानको उत्तरी क्षेत्रमा रहेको प्रहरी मुख्यालयमा भएको विस्फोट र गोलीबारीमा मृत्यु हुनेको सङ्ख्या कम्तीमा ३१ पुगेको छ । मृतकमध्ये १६ जना प्रहरी कर्मचारी रहेका एक वरिष्ठ प्रहरी अधिकारीले बताएका छन् । घटनामा १०० भन्दा बढी व्यक्ति घाइते भएका छन् । शुक्रबार दिउँसो खैबर पख्तुनख्वा प्रान्तको कोहाटस्थित पुरानो प्रहरी लाइन परिसरमा आक्रमणकारीहरू प्रवेश गरी हमला गरेका थिए । करिब दुई लाख २० हजार जनसङ्ख्या रहेको कोहाटमा रहेको उक्त प्रहरी परिसर जिल्ला तहको मुख्यालय हो । त्यहाँ आतङ्कवाद नियन्त्रण विभाग, विशेष शाखालगायत विभिन्न प्रहरी इकाइका कार्यालयहरू रहेका छन् ।

प्रहरीका अनुसार केही आक्रमणकारी अझै पनि प्रहरी परिसरको विशेष शाखा क्षेत्रमा लुकेर बसेका छन् । उनीहरूसँग सुरक्षाकर्मीको गोली हानाहान रातिदेखि नै जारी रहेको बताइएको छ । आक्रमणकारीको यकिन सङ्ख्या भने खुल्न सकेको छैन ।

पाकिस्तानले खैबर पख्तुनख्वा र दक्षिणी बलुचिस्तान प्रान्तमा बढिरहेका सशस्त्र आक्रमणका लागि अफगानिस्तानबाट सञ्चालन हुने भनिएका उग्रवादी समूहलाई जिम्मेवार ठहराउँदै आएको छ । तर, अफगानिस्तानको तालिबान सरकारले आफ्नो भूमिबाट पाकिस्तानविरुद्ध हुने यस्ता गतिविधिमा आफ्नो संलग्नता अस्वीकार गर्दै आएको छ । यस विषयलाई लिएर पाकिस्तान र अफगानिस्तानबिच तनाव बढ्दै गएको छ । पाकिस्तानले अफगानिस्तानको भूमिमा रहेका लडाकूहरूलाई लक्षित गरेको दाबी गर्दै हवाई हमलासमेत गर्दै आएको छ । गत जुनमा पूर्वी अफगानिस्तानमा भएका पाकिस्तानी हवाई हमलामा दर्जनौँ सर्वसाधारण मारिएको तालिबान सरकार र संयुक्त राष्ट्रसङ्घले बताएका थिए ।

### रुसमाथि थप दबाब बढाउने विधेयकमा ट्रम्पको हस्ताक्षर

वासिङ्टन, ३ असोज (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनमा जारी युद्धका कारण रुसमाथि आर्थिक दबाब बढाउने उद्देश्यले ल्याइएको नयाँ प्रतिबन्धसम्बन्धी विधेयकमा शुक्रबार हस्ताक्षर गरेका छन् ।

कङ्ग्रेसका दुवै सदनबाट पारित भएको उक्त कानुनले रुसको ऊर्जा तथा रक्षा क्षेत्र, रुसी अधिकारी र मस्कोको प्रतिबन्ध छल्न प्रयोग हुने 'छाया फ्लीट' का पानीजहाजलाई लक्षित गरेको छ । यसले रुसी तेल तथा ग्यासका प्रमुख विदेशी खरिदकर्तामाथि शत प्रतिशतसम्मको भन्सार महसुल लगाउने अधिकारसमेत राष्ट्रपतिलाई दिएको छ । कानुनले रुसको तेल तथा ग्यास खरिद जारी राख्ने निश्चित विदेशी मुलुकबाट आयात हुने वस्तुमा अतिरिक्त महसुल लगाउन सकिने व्यवस्था गरेको छ । भारत र चीनजस्ता रुसका प्रमुख ऊर्जा खरिदकर्ता यस व्यवस्थाको दायरामा पर्न सक्नेछन् । यद्यपि, शत प्रतिशतको भन्सार महसुल तत्काल स्वतः लागू हुने नभई निश्चित कानुनी सर्त पूरा भएपछि प्रशासनले त्यस्तो कदम चाल्न सक्ने व्यवस्था गरिएको छ । रिपब्लिकन नेतृत्वको प्रतिनिधिसभाले बुधबार २६२-१५९ मतले विधेयक पारित गरेको थियो । यसअघि सिनेटले ८६-११ मतले विधेयक अनुमोदन गरेको थियो । कानुनले रुसी सेनालाई सहयोग गर्ने विदेशी कम्पनी तथा अन्य पक्षमाथि पनि प्रतिबन्ध लगाउने व्यवस्था गरेको छ । साथै, इरानमाथिका विद्यमान प्रतिबन्धलाई थप पाँच वर्ष निरन्तरता दिने प्रावधान पनि समावेश गरिएको छ । भारतले भने आफ्नो ऊर्जा आवश्यकता पूरा गर्न विभिन्न स्रोतबाट तेल खरिद जारी राख्ने बताएको छ । नयाँ अमेरिकी कानुनले भारतको रुससँगको ऊर्जा व्यापारमा समेत प्रभाव पार्न सक्ने भएकाले यस विषयमा नयाँदिल्लीको ध्यान केन्द्रित भएको छ ।

### युक्रेनलाई सैन्य सहयोग गर्ने युरोपेली प्रतिनिधिमाथि रुसी प्रतिबन्ध

मस्को, ३ असोज (सिन्ह्वा) । युरोपेली सङ्घले जुलाई २३ मा रुसविरुद्ध लागू गरेको २१ औँ चरणको प्रतिबन्धको जवाफमा रुसले युरोपेली सङ्घका प्रतिनिधिहरूलाई लक्षित गर्दै आफ्नो प्रवेश निषेध सूची व्यापक रूपमा विस्तार गरेको रुसी विदेश मन्त्रालयले शुक्रबार जनाएको छ ।

मन्त्रालयले जारी गरेको विज्ञप्तिमा युरोपेली सङ्घका संस्था, सदस्य राष्ट्र तथा रुसविरोधी नीतिलाई समर्थन गर्ने केही युरोपेली राष्ट्रका प्रतिनिधिहरूलाई रुस प्रवेशमा प्रतिबन्ध लगाइएको उल्लेख गरिएको छ ।

मन्त्रालयका अनुसार नयाँ सूचीमा युक्रेनलाई सैन्य सहायता उपलब्ध गराउने निर्णयमा संलग्न व्यक्ति, रुसको क्षेत्रीय अखण्डता कमजोर पार्ने गतिविधिमा संलग्न व्यक्ति, रुसविरुद्ध प्रतिबन्ध लगाउने प्रक्रियामा सहभागी व्यक्ति तथा तेस्रो मुलुकसँग रुसको सम्बन्धमा क्षति पुऱ्याउने गतिविधिमा संलग्न व्यक्तिहरू समावेश छन् ।

त्यसैगरी, रुसको समुद्री आवागमनमा अवरोध पुऱ्याउने गतिविधिमा संलग्न व्यक्तिमाथि पनि प्रतिबन्ध लगाइएको मन्त्रालयले जनाएको छ ।

रुसले युरोपेली मुलुकका रुसप्रति विरोधी धारणा राख्ने नागरिक अभियन्ता तथा शैक्षिक क्षेत्रका प्रतिनिधिहरू माथि पनि प्रतिबन्ध लगाएको जनाएको छ ।

युरोपेली सङ्घका सदस्य राष्ट्रका राष्ट्रिय संसद् तथा युरोपेली संसद्मा रुसविरोधी प्रस्ताव र कानुनका मस्यौदाका पक्षमा मतदान गर्ने सदस्यहरूलाई समेत नयाँ प्रवेश निषेध सूचीमा राखिएको रुसी विदेश मन्त्रालयले जनाएको छ ।

# फर्की आउने आश छैन, 'गुडबाइ' भन्ने आँट छैन

✍ प्रगति ढकाल/रासस

*"सपना हो कि विपना हो यो, के हो जिन्दगी ?*
*छिनको छिनै बदलियो, के भो जिन्दगी ?"*

चर्चित गजल गायक थानेश्वर गौतम र शान्तिश्री परियारको स्वर तथा प्रभा बर्तौलाको शब्द रहेको यो गीतका हरफले जीवनको अनिश्चितता र एकाएक बदलिने परिस्थितिको पीडा बोल्छन् ।

यतिबेला यी हरफ दोलखाको कालिका खड्काको जीवनसँग ठ्याक्कै मिलेजस्तो भएको छ । सपना र विपना के हो ? गत भदौ १० गते रसुवाको भोटेकोसीमा आएको विनाशकारी बाढीपछि सपना र बिपना छुट्याउन अझै पनि नसकेको जस्तो भएको छ उहाँलाई । चीनको केरुङमा 'साउथ एसिया रिसर्च सेन्टर इन साउथवेस्ट चाइना' को कार्यक्रममा सहभागी हुन जाने भन्दै रसुवागढीतर्फ हिँड्नुभएका श्रीमान् टेकराज थामी भदौ १० को बिहानदेखि नै सम्पर्कविहीन हुनुहुन्छ ।

न फोन आएको छ, न एसएमएस । न त उहाँको अवस्थाबारे कुनै खबर नै । जसरी हरेक दिन साँझ पर्न थालेपछि बास बस्न चराचुरुङ्गी आफ्ना गुँडतर्फ फर्किन्छन् । त्यसरी नै दिनभर काममा गएकाहरू साँझ घर फर्किन्छन् । जब साँझ छिप्पिँदै जान्छ, सडकमा मानिसको आवतजावत पनि बिस्तारै कम हुन थाल्छ ।

कालिकाको मनमा जिज्ञासा अझै आउँछ- यतिबेलासम्म किन घर नफर्केको होला ? कतैबाट टुप्लुक्क मेरो श्रीमान् (जी) पनि घर फर्किनुहुन्छ कि ? कालिका मायाले बोलाउँदा टेकराजलाई 'जी' भन्नुहुन्थ्यो ।

पत्रकारिता पेसामा रहनुभएका नयाँपत्रिकाका टेकराज कहिलेकाहीँ समाचारको कामले रातिसम्म घर बाहिरै रहनुहुन्थ्यो । ढिला हुने भएपछि फोन आउँथ्यो-'आज अलि ढिला हुन्छ है ।' अहिले कालिका त्यही फोनको प्रतीक्षामा बस्नुभएको पनि महिना दिन पुग्न लागिसक्यो । "तिमीहरू खाना खाएर सुत ल । छोरीलाई बाबा आउन ढिला हुने भो भन्देऊ ।" प्राय:जसो आउने यस्तै किसिमको सन्देश आए पनि प्रतीक्षा त जति पनि गरिन्थ्यो नि झैँ लाग्छ कालिकालाई ।

प्रतीक्षा गरेकै २३ दिन बितिसक्यो । टेकराजको फोनबाट कुनै सन्देश आएन । कालिका भन्नुहुन्छ, "पहिला अफिसबाट ढिला हुँदा फोन आउँथ्यो । अहिले पनि साँझ परेपछि उहाँको फोन आउँछ कि जस्तो लाग्छ ।"

घरको ढोकामा हावा लागेर 'ढकढक' आवाज आउँदा पनि कालिकाको मुटु बेस्सरी ढुकढुक हुने गर्छ । उहाँलाई लाग्छ-टेकराज पो आउनुभयो कि ! तर, ढोका खोल्दा बाहिर कोही हुँदैन । सधैँ अफिसबाट फर्कने बाबालाई ढोकामा स्वागत गर्न दौडिने छोरी कृतिकाले पनि २३ दिनदेखि त्यो अवसर पाएकी छैनन् । बाबा पनि घर फर्केपछि छोरीले ढोका खोल्न नआएसम्म म बाहिर नै बस्छु भन्दै मायाले घुर्काउनुहुन्थ्यो । छुट्टीको समयमा सधैँ बाबाछोरी घुम्न निस्कन्थे तर २३ दिनयता कति स्कूल छुट्टी भए । कृतिकालाई हात समाएर घुमाउने बाबाको साथ छैन । कुशे औँसीमा पनि तस्बिर हेरेर चित्त बुझाउनुपऱ्यो । सानासाना खुसी बाबालाई 'शेयर' गर्ने कृतिकाले महिना दिन भयो बाबासँग त्यो खुसी साट्ने अवसर नपाएको ।

सडकमा मोटरसाइकल गुडेको आवाज सुन्नासाथ कृतिका सोध्छिन्, "बाबा आउनुभएछ कि ?" छोरीको त्यो प्रश्नले कालिकाको मन झन् भारी हुन्छ । कालिका सुनाउनुहुन्छ, "सडकमा मोटरसाइकल चल्दा पनि छोरीले 'बाबा आउनुभएछ क्यारे' भन्छिन् । मलाई पनि अझै सबै जना अफिसबाट फर्किएजस्तै उहाँ पनि घर फर्केर आउनुहुन्छ कि जस्तो लागिरहन्छ ।"

कहिलेकाहीँ कसैले चप्पल बजाउँदै हिँडेको आवाज सुन्दा पनि कालिकालाई टेकराज कतै नजिकै हुनुहुन्छ कि जस्तो लाग्छ । आशा र निराशाबिचको यही दोधारमा बितिरहेका छन् भोटेकोसी बाढी गएयता उहाँका दिन पनि ।

टेकराज कतै उपचाररत हुनुहुन्छ कि ? कुनै सुरक्षित ठाउँमा हुनुहुन्छ कि ? आज नभए भोलि घरको ढोकामा आइपुग्नुहुन्छ कि ? कालिकाको मनमा यी प्रश्नहरू अझै बाँकी छन् । त्यसैले उहाँको मनले अहिलेसम्म टेकराजलाई मृत घोषणा गर्ने आँट गर्न सकेन तर फर्केर आउनुहुन्छ भनेर ढुक्क हुने आधार पनि छैन । यी र यस्तै अनिश्चितताले कालिकाको मनलाई हरेक दिन एउटा जटिल किसिमको परीक्षा लिइरह्यो ।

टेकराज सम्पर्कविहीन भएदेखि नै कालिकाले भगवान्को अगाडि बत्ती बालिरहनुभयो । बलिरहेको बत्तीलाई उहाँ निकैबेर नियालेर हेर्नुहुन्थ्यो । बत्ती उज्यालो र स्थिर देखियो भने मनमा आशा पलाउँथ्यो- टेकराज सुरक्षित नै हुनुहुन्छ होला । तर, कहिलेकाहीँ झ्यालढोकाबाट छिरेको सिरसिरे बतासले त्यही बत्तीको ज्योति धिपधिप गराउँथ्यो ।

दियोको ज्योति उज्यालो हुँदा कालिकाको अनुहार पनि उज्यालिन्थ्यो तर बतासले बत्तीको ज्योति मधुरो बनाउँदा उहाँको मनमा पनि आशाको उज्यालो धमिलिन्थ्यो । उहाँ भन्नुहुन्छ, "बत्ती राम्रोसँग बलिरहेको देख्दा उहाँ सुरक्षित हुनुहुन्छ कि भन्ने आश लाग्छ । तर, हावाले बत्ती धिपधिप गर्दा कतै नराम्रो सङ्केत त होइन भन्ने डर लाग्छ ।" कालिकाका लागि पछिल्ला २० दिन यसैगरी बितिरहेका छन् - आशाको एउटा सानो उज्यालो समातेर, अनिश्चितताको अँध्यारोसँग लड्दै ।

*"जबजब मलाई उज्यालोको आश लाग्छ,*
*आमा यो टुकीमा किन बतास लाग्छ ?"*

गजलकार प्रदीप रोदनका यी हरफ बाढीमा बेपत्ता भएर आफन्त सकुशल फर्किने आशामा दिन गनिरहेका कालिका र अन्य बेपत्ता परिवारको पीडासँग ठ्याक्कै मिल्छ ।

'सररर पानी घट्टामा' बोलको गीतका हरफझैँ उहाँको दिनचर्या पनि बितिरह्यो :

*"बसेकी छु हजुरको नाम जप्दै,*
*दियो बाल्दै त्यसैमा तेल थप्दै..."*

बाहिर बत्ती धिपधिप गरिरहेको बेलाभित्र कालिकाको आशा । कहिले दुवै उज्याला हुन्थे, कहिले दुवै मधुरो ।

## खोजी कार्यमा सहयोग गरौं



नयाँ पत्रिकाका पत्रकार टेकराज (बहादुर) थामी केरुङ जाने क्रममा रसुवागढीबाट सम्पर्कविहीन हुनुभएको छ ।

खोजी तथा उद्धार कार्यमा सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

सम्पर्क
कालिका खड्का 9851196192
विश्वास खड्का 9861563590

गत भदौ १० गते टेकराज चीनको केरुङ पुगिसक्नुभएको होला भन्ने कालिकालाई लागेको थियो । उहाँलाई दिइएको जानकारीअनुसार बिहान ७:०० बजे नै चीनतर्फ जाने तयारी थियो ।

त्यसैदिन अचानक भोटेकोसी नदीमा ठुलो बाढी आएको खबर सञ्चारमाध्यममा छ्याप्छ्याप्ती आउन थाल्यो । बाढीको खबर सुन्दा कालिकाको मन झस्कियो तर त्यतिबेलासम्म टेकराज बाढीको जोखिम क्षेत्र पार गरेर चीनतर्फ लागिसक्नुभएको होला भन्ने उहाँलाई लागेको थियो ।

दिनभर फोन आउँछ कि भनेर कालिका कुरिरहनुभयो । साँझ पर्न थाल्यो । घरका अरू सदस्य पनि फोनको प्रतीक्षामा थिए तर फोन आएन । "चीनतिर सामाजिक सञ्जाल राम्रो चल्दैन होला, नेटवर्कको समस्या भयो होला, कुनै अवरोध आयो होला," कालिकाले आफैँलाई सम्झाउनुभयो । 'भोलि त पक्कै फोन आउला ।' यही आशामा त्यो रात बित्यो । भोलिपल्ट पनि फोन आएन । पर्सिपल्ट पनि आएन । दिन बित्दै गए । न कुनै खबर आयो, न फोन ।

विस्तारै कालिकाको मनमा आशाभन्दा डर बढ्न थाल्यो । सुरुमा 'नेटवर्कको समस्या होला' भनेर मन बुझाउन खोजे पनि दिनहरू बित्दै जाँदा मनले अनेक प्रश्न गर्न थाल्यो । कतै केही त भएन ? त्यही प्रश्नले कालिकाको मनमा चिसो पस्न थाल्यो । त्यसपछि सुरु भयो टेकराजको खोजी । विसं २०६८ वैशाख २८ गते कालिका र टेकराज थामीको नेपाल बार एसोसिएसनको सभा हलमा प्रगतिशील विवाह भएको थियो । सहयात्राका सुन्दर १५ वर्ष १५ दिन कटिसकेका थिए ।

**छोरा हराएदेखि आँखा ओभानो छैन बा आमाको**

आमा लीलादेवी र बुबा डिलबहादुरलाई छोरा हराएदेखि आँखा ओभानो छैन । छोरा आउने आशामा २३ दिन बित्यो । टेकराजका भाइ प्रेमबहादुर थामी दुबईबाट दाई खोज्न आकस्मिक छुट्टी मिलाएर नेपाल आउनुभयो । नेपाली सेनाको हेलिकप्टरमा खोज्न रसुवा पुग्दा कहीँकतै केही भेटिएन । अनि निराश भएर फर्किनुभयो । भाइहरू गङ्गाबहादुर र सन्तोष पनि दाई हराएदेखि बेचैन छन् ।

टेकराजको सासूआमा विष्णुमाया खड्काले रक्षाबन्धनको दिन ज्वाइँ टेकराजसँग कुरा गर्न खोज्नुभयो तर ज्वाइँ बेपत्ता भन्ने सुनेदेखि भावविह्वल हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, "ज्वाइँ अहिले यतैबाट आउनुहुन्छजस्तो लाग्छ ।" कालिकाका भाइ विश्वास खड्का भिनाजुको फोटो बोकेर अस्पतालहरूमा भौँतारिनुभयो । आँखाभरि आँशु बगाउँदै बेपत्ताहरूको समूहमा भिनाजुको फोटो टाँस्नुभयो तर भिनाजु कतै भेटिनुभएन ।

**'मिसकल' ले झुक्याएको त्यो क्षण**

टेकराज सम्पर्कविहीन भएको दुई-तीन दिनपछि एकाएक उहाँकै म्यासेन्जरबाट 'मिसकल' आयो भन्ने खबर आयो । त्यो एउटा मिसकलले केही क्षणका लागि कालिका, परिवार र आफन्त खुसी भए । मनमा एउटै कुरा आयो-टेकराज कतै सुरक्षित हुनुहुन्छ । सायद उद्धारको पर्खाइमा हुनुहुन्छ । त्यसैबिच सामाजिक सञ्जालमा टेकराज सम्पर्कमा आउनुभएको भन्ने खबर पनि फैलियो । धेरैले राहतको लामो सास फेरे । कालिकाको फोन, भाइबर, म्यासेन्जरमा बधाईको ओइरो आइरहेको थियो । तर, त्यो खुसी धेरै बेर टिकेन ।

कालिकाले नै सामाजिक सञ्जालमार्फत टेकराजसँग अहिलेसम्म सम्पर्क हुन नसकेको स्पष्ट पार्नुभयो । म्यासेन्जरमा आएको त्यो मिसकल टेकराज आफैँले गर्नुभएको हो भन्ने पुष्टि नभएको भन्दै उहाँले भ्रममा नपर्न र खोजीमा सहयोग गर्न आग्रह गर्नुभयो । खुसी हुनेका अनुहार फेरि मलिन भए । कालिका भन्नुहुन्छ, "त्यो मिसकल आएको भन्न सुन्दा उहाँ कतै सुरक्षित हुनुहुन्छ कि भन्ने लाग्यो । एकछिन त उहाँसँग सम्पर्क भयो भनेर खुसी पनि भयौँ तर त्यो उहाँकै मिसकल हो भन्ने निश्चित हुन सकेन । फेरि उही प्रतीक्षामा बस्नुपऱ्यो ।"

त्यो दिन कालिकाले आशा कति चाँडै जन्मिन्छ र कति चाँडै टुट्न सक्छ भन्ने महसुस गर्नुभयो । कुनै चमत्कार भएर टेकराज घर फर्किए हुन्थ्यो न भन्ने कल्पना अझै कालिकाको मनमा जीवित छ । कहिलेकाहीँ त उहाँलाई लाग्छ-कुनै दिन अचानक ढोका ढक्ढकिनेछ, बाहिर 'जी' (टेकराज) उभिनुभएको हुनेछ र कैयौँ दिनदेखि रोकिएको यो प्रतीक्षा त्यही क्षण सकिनेछ ।

त्यसैले कालिका अझै ढोकातिर हेर्न छाड्नुभएको छैन । फोनको घण्टी सुन्न छाड्नुभएको छैन । सडकमा कसैले मोटरसाइकल चलाउँदा कान ठाडा पार्न छाड्नुभएको छैन । फर्केर आउने आशा छैन तर फर्केर आउनुहुन्न भन्ने अन्तिम सत्य पनि स्वीकार गर्न सक्नुभएको छैन ।

**सपनीमा समेत पर्खंदै**

विपनामा पर्खँदापर्खँदै दिन बिते । रात बिते । तर, टेकराज फर्केर आउनुभएन । त्यसैले होला, अहिले कहिलेकाहीँ सपनामा भए पनि श्रीमान् आइदिएहुन्थ्यो जस्तो लाग्छ उहाँलाई । कहिलेकाहीँ सपनामा टेकराज आएर उहाँसँग कुराकानी गर्नुहुन्छ, सामीप्य महसुस गर्नुहुन्छ । तर, एकाएक निद्रा खुल्छ । त्यो क्षण सपनाभन्दा विपना नै पीडादायी लाग्छ ।

भावुक हुँदै कालिका भन्नुहुन्छ, "सपनामा उहाँलाई देख्छु । विपनामा बिलाउनुहुन्छ । म नब्युँझिएको भए अझै धेरैबेर उहाँकै सामीप्यमा बस्न पाउँथेँ कि जस्तो लाग्छ ।"

भोटेकोसीको बाढीपछि टेकराज बेपत्ता भएको घटना सपना भइदिएहुन्थ्यो र सपनामा उहाँ सामीप्यमा आएको क्षण विपना भइदिएहुन्थ्यो भन्ने लाग्छ कालिकालाई । यही भावसँग मेल खान्छ गोपाल योञ्जनको शब्द तथा सङ्गीत र नारायण गोपालको स्वरमा सजिएको चर्चित गीतका यी हरफ-

*"आँखाभित्र बस्नु तिमी, छातीमा निदाउनु*
*सपनीमा पनि मलाई सुस्तरी चिहाउनु..."*

गीतमा व्यक्त भावजस्तै कालिकाले पनि टेकराजलाई आँखामा, मनमा र आफ्नै अस्तित्वभित्र राखिरहनुभएको छ । कालिकाको प्रिय मानिस संसारमा नरहे पनि सधैँ उहाँको अन्तरमनमा त बसिरहनुहुनेछ ।

कालिका सम्झनुहुन्छ, "मलाई देवी मान्नुहुन्थ्यो, तिमी मेरो आमापछिको आमा हो भन्नुहुन्थ्यो । सधैँ खुसी र प्रगति चाहने । महिलालाई अत्यन्तै सम्मान गर्ने, छेउमा कसैलाई झुक्किएर छोइयो भने ढोगीहाल्ने बानी थियो । साथीहरू तिम्रो श्रीमान्जस्तो त मान्छे नै भेटिन्न भन्थ्यो । राम्रो मान्छे सायद भगवान्को प्रिय हुनुहुने रहेछ । केरूङ जाने केही दिनअघि पनि संसारमै अशान्ति छ, हाम्रो घरमा मात्रै शान्ति छ भनेको शब्द कानमा अझै गुन्जिरहेको छ तर के थाहा टेकराजलाई केही दिनपछि म बाढीमा पर्ने छु र यो घर पनि अशान्त बन्नेछ भनेर ।"

**थामी समुदायको खम्बा नै ढल्यो**

नेपाल थामी समाजका अध्यक्ष रणबहादुर थामीले टेकराजको मृत्युले थामी समुदायका लागि खम्बा नै ढलेको बताउनुहुन्छ । "थामी भाषा जान्ने मानिस जन्माउन अब हाम्रो समुदायलाई गाह्रो हुन्छ," उहाँ भन्नुहुन्छ । थामी गोरखापत्र दैनिकमा थामी भाषा पृष्ठ संयोजकसमेत हुनुहुन्थ्यो ।

विसं २०४२ जेठ १४ गते दोलखाको कालिन्चोक गाउँपालिका-२ बाबरेमा जन्मिनुभएको टेकराज थामीले पत्रकारितामा स्नातकोत्तर गर्नुभएको हो । नयाँपत्रिका दैनिकमा काम गर्ने थामी बागीश्वरी कलेज भक्तपुर र समृद्धि कलेज कौशलटारमा पत्रकारिता अध्यापनसमेत गराउनुहुन्थ्यो ।

**शोकलाई शक्तिमा बदल्ने साहस बटुल्दै**

टेकराजको अनुपस्थितिमा अहिले कालिकाको सबैभन्दा ठुलो सहारा छोरी कृतिका हुनुहुन्छ । अनि कृतिकाका लागि आमा कालिका । दुवैले एकअर्कालाई सम्हाल्दैछन् । जे भयो, त्यो विगत फर्केर आउने छैन । तर, जीवन रोकिएर पनि नहुने रहेछ । छोरीकै लागि भए पनि विस्तारै शोकलाई शक्तिमा बदल्नुपर्ने अठोट कालिकाले गर्नुभएको छ ।

पेशाले राष्ट्रिय समाचार समितिमा पत्रकार रहनुभएकी कालिका आफूले भोगेको पीडामा मात्रै अल्झिएर बस्न चाहनुहुन्न । अन्य महिलालाई अघि बढ्न प्रेरणा दिने आफ्नो जिम्मेवारी पनि सम्झिरहनुभएको छ । उहाँ भन्नुहुन्छ, "म आफैँ धेरै शोकमा बसेँ भने मैले माथि उठाउन प्रयास गर्नुपर्ने अन्य महिला दिदीबहिनीलाई पनि असर पर्छ । उहाँहरूलाई प्रेरणा दिन पनि अब म 'मुभ अन' हुनुपर्छजस्तो लाग्छ । सम्हालिँदै छु ।"

पीडा तत्काल सकिँदैन भन्ने उहाँलाई थाहा छ तर समयसँगै चोटमा खाटा बस्ने र आफू फेरि पत्रकारितामा फर्किने विश्वास भने उहाँमा छ । "विस्तारै यो चोटमा खाटा बस्ला । अनि सामान्य रिपोर्टिङमा नै फर्कनेछु," कालिका भन्नुहुन्छ ।

टेकराजलाई श्रीमती कालिकाले मात्रै गुमाउनुभएको छैन । छोरी कृतिकाले बाबु गुमाएकी छन् । परिवारले आफ्नो प्रिय सदस्य गुमाएको छ । पत्रकारिता क्षेत्रले एक होनाहार र असल पत्रकार गुमाएको छ । टेकराजको बेपत्ता घटनाले पत्रकारिता क्षेत्रमा अपूरणीय क्षति पुगेको नेपाल पत्रकार महासङ्घकी अध्यक्ष निर्मला शर्मा बताउनुहुन्छ । टेकराज भौतिक रूपमा टाढा भए पनि स्मृतिमा भने कहिल्यै टाढा हुनुहुने छैन । पत्रकार टेकराज थामीप्रति भावपूर्ण श्रद्धाञ्जली र शोकाकूल परिवारमा हार्दिक समवेदना । ***रासस***

# धुलिखेलमा रसायनरहित पानी शुद्धीकरण केन्द्र हस्तान्तरण

बनेपा (काभ्रे), ३ असोज । धुलिखेल नगरपालिका-२ ठाडोखोला मूलमा पहिलोपटक रसायन प्रयोग नगरी पानी शुद्धीकरण गर्ने आधुनिक प्रविधिसहित निर्माण गरिएको खानेपानी प्रशोधन केन्द्र शुक्रबार धुलिखेल नगरपालिकालाई हस्तान्तरण गरिएको छ ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) को प्राविधिक सहयोग तथा चीनको पेइचिङस्थित चिनियाँ विज्ञान प्रतिष्ठानको सहयोगमा धुलिखेल नगरपालिका र नास्टको सहकार्य तथा समन्वयमा केन्द्र निर्माण गरिएको हो ।

करिब रु. दुई करोड लागतमा निर्माण गरिएको केन्द्रको दैनिक एक लाख ५० हजार लिटरसम्म पानी शुद्धीकरण गर्न सक्ने क्षमता रहेको धुलिखेल-२ का वडाध्यक्ष अर्जुनप्रसाद न्यौपानेले बताउनुभयो । यसबाट करिब एक हजार २०० लाभग्राही लाभान्वित हुने अपेक्षा गरिएको भन्दै उहाँले ११४ परिवारमा 'एक घर एक धारा' अवधारणाअनुसार खानेपानी पुऱ्याउने व्यवस्था गरिएको उल्लेख गर्नुभयो ।

नास्टका वरिष्ठ वैज्ञानिक अधिकृत टिष्टा प्रसाईं जोशीका अनुसार नेपालमा पहिलोपटक यस प्रकारको प्रविधि भित्र्याइएको हो । सन् २०२३ मा सुरु गरिएको परियोजना सन् २०२६ मा सम्पन्न भएको उहाँले जानकारी दिनुभयो । "रसायन प्रयोग नगरी पानी शुद्धीकरण गर्ने भएकाले यो प्रविधि ग्रामीण तथा पर्याप्त प्रशोधन सुविधा नपुगेका क्षेत्रमा उपयोगी हुन सक्छ", उहाँले भन्नुभयो ।

प्रशोधन केन्द्रमा पानीमा रहेका जीवाणु तथा अन्य सुक्ष्म कीटाणु निष्क्रिय गर्नुका साथै धमिलोपन हटाउन सहयोग गर्ने प्रविधि जडान गरिएको छ । शुद्धीकरण प्रक्रियामा इलेक्ट्रोड (विद्युतीय प्रविधि), म्याग्नेटिकस्यान्ड (चुम्बकीय प्रविधि) र अल्ट्राभायोलेट युभीलाइट (प्रकाशको किरणका माध्यमबाट कीटाणु र भाइरस मार्ने प्रविधि) प्रयोग हुने जोशीले जानकारी दिनुभयो ।

चिनियाँ विज्ञान प्रतिष्ठानअन्तर्गतको पारिस्थितिकी-वातावरण विज्ञान अनुसन्धान केन्द्र (कास), बेइजिङको अनुदान तथा प्राविधिक सहयोगमा आवश्यक उपकरणसहित आवश्यक प्रविधि जडान गरिएको हो । परियोजना कार्यान्वयनमा नास्टले प्राविधिक समन्वय तथा सहजीकरण गरेको जोशीले जानकारी दिनुभयो ।

करिब तीन वर्षमा निर्माण सम्पन्न भएको केन्द्र हस्तान्तरणपछि यसको सञ्चालन, रेखदेख तथा मर्मतसम्भारको जिम्मेवारी धुलिखेल नगरपालिकाले लिनेछ । नगरपालिकाका कार्यवाहक नगरप्रमुख निराजन जङ्गमले प्रशोधन केन्द्र सञ्चालनमा आएपछि स्थानीयवासीलाई सुरक्षित खानेपानी उपलब्ध गराउन सहज हुने बताउनुभयो । "स्थानीय मुहानको पानी प्रशोधन गरी एक घर एक धारा मार्फत घरघरमा खानेपानी पुऱ्याउने उद्देश्यले आयोजना अघि बढाइएको हो", उहाँले भन्नुभयो ।

# सानै उमेरदेखि बालबालिकाहरूलाई खेलकुद, सङ्गीतजस्ता अतिरिक्त क्रियाकलापमा संलग्न हुन दिनुपर्ने



भक्तपुर, ३ असोज । वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईंको प्रमुख आतिथ्यमा भक्तपुर जिल्लाका आठ विद्यालयका ८० उसु खेलाडीहरूको ग्रेडिङ सम्पन्न भयो ।

बाल विकास स्कूल, लिवालीमा भएको ग्रेडिङको औपचारिक कार्यक्रममा प्रदेश सांसद सुरेन्द्रराज गोसाईंले विद्यार्थीलाई स्वस्थ बनाउनको साथै मोबाइलको लतबाट टाढा राख्न भए पनि खेलकुदमा संलग्न गराउनु आवश्यक रहेको बताउनुभयो ।

बालबालिकाहरूको बानी बिगार्ने काम मोबाइलले गरिरहेको हुँदा केही देशहरूमा १३ वर्षमुनिका बालबालिकाहरूलाई मोबाइल चलाउन बन्देज गरिसकेको भन्दै उहाँले सानै उमेरदेखि बालबालिकाहरूलाई खेलकुद, सङ्गीतजस्ता अतिरिक्त क्रियाकलापमा संलग्न हुन आफ्ना छोराछोरीहरूलाई उत्साहित गर्नु आजको आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "समाज, परिवार, प्रशिक्षक र खेलाडीको राम्रो समन्वय बनाउन सके राम्रो खेलाडी उत्पादन हुन्छ । राम्रा खेलाडीहरू संस्कारी हुन्छन् । संस्कारी खेलाडीहरूले बल प्रयोग र तोडफोडमा जोड दिँदैन ।"

नेपाल उसु महासङ्घका केन्द्रीय महासचिव राजिव महर्जनले राम्रा खेलाडीहरू उत्पादनको लागि प्रशिक्षकले धेरै मेहनत गरेको हुने बताउँदै प्रशिक्षार्थीबाट प्रशिक्षकलाई दिने भनेको आदर, सम्मानमात्र भएको हुँदा सबै खेलाडीहरूले आफ्ना प्रशिक्षकलाई आदर गर्न कन्जुस्याइँ गर्न नहुने बताउनुभयो ।

साउथ एसियन रेफ्री रोशन बुढाथोकी, भक्तपुर जिल्ला उसु प्रशिक्षक एवं पूर्वमुख्य प्रशिक्षक फत्तबहादुर लामाको उपस्थितिमा भएको ग्रेडिङ कार्यक्रममा भक्तपुर जिल्लाको मेधा मावि, बाल विकास ई. स्कूल, मोर्डन सेकेन्डरी स्कूल, बागेश्वरी मावि, ख्वप्रिङ ई. एकेडेमी, एभरेस्ट ई. स्कूल, साइनिङ स्टुडेन्ट एकेडेमी र चाँगुनारायण उसु क्वानका ८० खेलाडीहरू सहभागी भएको प्रशिक्षक रमेश सुवालले जानकारी दिनुभयो ।

**कार्की...**

रूपमा सडकमा सरकारविरुद्ध प्रदर्शन गर्न आए ।

भदौ २३ गतेको प्रदर्शन हुनुको कारण सरकारले विभिन्न २६ वटा सामाजिक सञ्जालमा लगाएको रोक पनि प्रमुख कारण हो । यही प्रतिबन्धविरुद्ध भदौ २३ र २४ गते युवालगायत आम नागरिकहरू आफ्नो असन्तुष्टि व्यक्त गर्न प्रदर्शनमा उत्रिएका थिए । सरकारको सम्बन्धित निकायले सामाजिक सञ्जालमा रोक लगाउँदा भविष्यमा त्यसले पार्न सक्ने प्रभावका बारेमा अध्ययन गरेर मात्र रोक लगाउनुपर्नेमा त्यस सम्बन्धमा अध्ययन नै नगरी रोक लगाएको देखिन आयो । भदौ २३ गते सङ्घीय संसद् भवनअगाडि घटेको घटनापश्चात् त्यसको दबाबमा सामाजिक सञ्जालमाथि लगाएको रोक सरकारले हटाउँदा पनि भदौ २४ गते त्यसले देशभरि पुऱ्याउन सक्ने नकारात्मकताको बारेमा सरकारको सम्बन्धित निकायले कुनै किसिमको अध्ययन गरेको देखिँदैन । फलस्वरूप भदौ २४ गतेको घटना काठमाडौं उपत्यका र काठमाडौं उपत्यका बाहिर विभिन्न स्थानहरूमा प्रदर्शनकारीहरूलाई उत्तेजित पार्न, भड्काउन, कारागारहरू तोडफोड गर्न, लुटपाट र आगजनी गराउन सामाजिक सञ्जालले अहम् भूमिका खेलेको देखिन्छ । संवेदनशील क्षेत्रको समयमै सुरक्षा व्यवस्थापन गर्न नसक्नु सरकारको गम्भीर कमजोरी थियो ।

# यमनमा साउदी हवाई आक्रमण तीव्र

यमन, ३ असोज (एएफपी) । यमनमा हुथी समूह र साउदी नेतृत्वको गठबन्धनबिच तनाव थप चर्किएको छ । हुथी समूहका सैन्य प्रवक्ता याह्या सारियाका अनुसार पछिल्लो २४ घण्टामा साउदी लडाकु विमानले दक्षिणपश्चिमी ताइज प्रान्तमा २६ पटक हवाई आक्रमण गरेका छन् । उहाँका अनुसार यस साता यमनका नौ प्रान्तमा गरी करिब ३०० हवाई आक्रमण भएका छन् । साउदी अधिकारीहरूले भने यसबारे तत्काल कुनै प्रतिक्रिया दिएका छैनन् ।


**विपद्‌को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं**

- विपद्‌को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्‌को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

विपद्‌को समयमा एक-आपसमा मनोबल बढाऔं,
मानसिक स्वास्थ्य जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# सङ्गठनमा लाग्नुपर्नेबारे बहिनीलाई चिठी

मलाई माया गर्नुहुने दाजु,

सादर प्रणाम !

पत्र लेख्न ढिलो भएकोमा माफी पाऊँ । केही दिन कलेजकै गतिविधिमा लागें, दुईचार दिन अगाडि मात्रै इरानमाथि संरा अमेरिका र इजरायल मिलेर गरेको आक्रमणको विरोधमा युवा-विद्यार्थीहरूमार्फत कलेज-कलेज, विद्यालय र टोल-टोलमा भएको प्रचारात्मक कार्यक्रममा सक्रिय रहें । त्यस कार्यक्रममा संरा अमेरिकाका समर्थक देशहरू बहराइन, कतार, कुवेत, साउदी अरेबिया, इजरायल आदिको भूगोल, इतिहास, जनसङ्ख्या, खनिज, व्यापार, राज्यको स्वरुप आदिबारे जानकारी दिनुको साथै इरान, लेवनानलगायत अरब देशहरूको समूहबारे पनि जानकारीमूलक कक्षा सञ्चालन हुँदै थियो ।

कार्यक्रममा इराक र सिरियाको स्थितिबारे केही साथीहरूले जानकारी दिएका थिए । २-३ कक्षामा पढ्दै गर्दा अग्रज दाइहरूले इराकमाथि अमेरिकी आक्रमण, इरानी जनताका राष्ट्रपति सद्दाम हुसेन र लिबियाका राष्ट्रपति कर्नेल गद्दाफीको हत्या संरा अमेरिकाको गुप्तचर विभागले गरेको बताउनुभएको थियो ।

त्यसबेला सबै आश्चर्य भएको थियो- इराक र लिबियालीले देशको तेल खानीलाई देशकै बनाइराख्ने र ती सबै तेलको खानी अमेरिकी कम्पनीहरूलाई लुट्न नदिने अडान लिएको कारण ती दुवै राष्ट्रपतिलाई हत्या गराइएको थियो । सिरियामा पनि अमेरिकी साम्राज्यवादी प्रशासन त्यहाँको तेल खानी लुट्न चाहन्थ्यो । तर त्यस्तो गर्न नदिएकै कारण १०-१५ वर्ष लडाइँ गरी सिरियालाई ध्वस्त बनाइयो ।

दाजु, हाम्री बज्यैलाई पढेर घर र देशको सेवा गर्न सकिन्छ भनी सम्झाउनै केही दिन लाग्यो । त्यसबेला दाजु घरमा पनि एक्लै हुनुहुन्थ्यो र अन्य साथीहरू पनि जिल्ला जिल्लामा पठाउनुभएको थाहा पाएको थिएँ ।

केही टोल, छिमेकी र नातागोताहरूले छोरी-नातिनीहरूलाई धेरै पढ्न दिनुहुन्न, जागिर खाएपछि घरको काम गर्दैनन् र विदेशमा गएपछि फर्केर आउँदैनन् भनी बज्यैलाई चुक्ली लगाएको कारण पढाइ छोडाउनमा बज्यै लाग्नुभएको थियो ।

हामी छोरी साथीहरू मिलेर धेरै उदाहरणहरू दिएर बज्यैलाई बल्ल बल्ल सम्झायौं बुझायौं - "धेरै उदाहरणहरू दिएर बज्यैलाई पढेलेखेकी छोरी-बुहारी र नातिनीहरूले पनि घर र समाज सम्हालेका छन् ।" बल्ल हिजोअस्तिदेखि उहाँ शान्त हुनुभयो ।

दाजु, कुराकानीको केही अंश प्रस्तुत गर्दै जसले हाम्रा प्रगतिशील विचारका शत्रुहरू कसरी लागेका रहेछन् भन्ने थाहा हुन्छ ।

बज्यैले सोध्नुभयो, "होइन, नानी तिमी सधैं, त्यो दाइ भन्ने शिक्षककहाँ किन जान्छौ ? अरुले भनेअनुसार त उनी परिवारलाई कुनै फाइदा नहुने काममा लाग्छन् र उनको विचारले केटाकेटीहरूलाई जोगी बनाउँछन् रे !"

"बज्यै, हजुरले भन्नुभए जस्तै उहाँ शिक्षक हुनुहुन्छ, तर उहाँ अरूको लोभलालच गर्नुहुन्न । उहाँ आफूले मेहनत नगरेकोमा कसैले पैसा दिएमा लिनु हुन्न भन्नुहुन्छ । उहाँ अरूको पैसा चिट्ठामा लगाइदिन्छु भनी ठग्नु हुन्न । हरेक महिना चिट्ठा खुल्यो र हाम्रो भाग्य नै नहुँदा चिट्ठा हामीलाई परेन भनी जनतालाई ठग्छन् । हाम्रो शिक्षक त्यस्तो कामको खोइरो खन्नुहुन्छ र धेरै ठगहरू टोलटोलमा बस्न सकेर भागेका छन् र केहीलाई प्रहरीले पक्राउ पनि गरेका छन् ।"

एक दिन पछि बज्यैले फेरि मलाई सम्झाउन कोसिस गर्नुभयो, "हेर नानी, ती शिक्षक अर्कै जातको मान्छे हो रे, ऊ अरू अरूको सेवाको नाममा घर घरमा गएर केटाकेटीलाई फकाउँछन् र रोगको औषधि भनी गुलियो चकलेट भनी बिस्कुट र पोष्टकारी बाँड्छन् रे ! त्यसो हो भने त्यो ठाउँमा किन जाने तिमीहरू ।"

त्यसबेला वाणिज्यशास्त्रका मेरा एक साथीले बज्यैलाई सम्झाइन्, "बज्यै हजुर, हाम्रो शिक्षक नेपाली नै हुनुहुन्छ, विदेशी होइनन्, हाम्रा साथीहरू बिरामी हुँदा घर घरमा गएर औषधि उपचारमा सहयोग गर्नुहुन्थ्यो । औषधि किन्ने, डाक्टर बोलाएर ल्याउने, चर्को ज्वरो आउँदा पानीपट्टी राख्न सिकाउनुहुन्थ्यो । चुरोट, जाँड र रक्सी नखान सम्झाउनुहुन्थ्यो ।"

अनि बज्यै झस्कनुभयो र भन्नुभयो, "मलाई त आफ्ना नातागोता घर-छिमेकीले पनि झगडा लगाउने काम गरेका रहेछन् । लौ न म नै अल्मलिएकी रहेछु ।"

यसरी बल्ल बल्ल २-४ दिनको छलफलले बज्यैको सहयोग लिँदै छौं । आजलाई यति भयो, म पुन: नियमित लेख्ने प्रण गर्छु ।

तपाईंको बहिनी तृप्ती श्रेष्ठ


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

### कर छुटको उपयोग गर्ने सम्बन्धमा

भक्तपुर नगरपालिकाको बिसौं नगरसभाबाट पारित तपसिलको करछुटको उपयोग गरी समयमै कर बुझाउन हुन सम्बन्धित सबैमा नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

क) भक्तपुर नगरपालिकामा बुझाउनुपर्ने आ.व. २०८३।०८४ को सम्पत्ति(घर जग्गा) तथा भूमिकर (मालपोत) र व्यवसाय कर २०८३ असोज मसान्तभित्र बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट प्रदान गरिएको ।

ख) सम्पत्ति करअन्तर्गत टहराको मूल्याङ्कन गर्दा टहराले चर्चेको जग्गाको मूल्याङ्कनमा ७५ प्रतिशत छुट प्रदान गरिएको ।

ग) बहाल करअन्तर्गत आवासीय प्रयोजनको लागि बहालमा दिइएको घरको हकमा ५० प्रतिशत छुट गरी ५ प्रतिशत मात्र घर बहाल कर लाग्ने र बहाल करको बक्यौतामा जरिवाना छुट गरिएको ।

घ) २०८३ साउन १ गतेदेखि दरबारक्षेत्रलगायतका सम्पदास्थलमा स्थानीय नगरवासीको वैवाहिक, व्रतबन्ध, बेलविवाहजस्ता सामाजिक कार्यक्रमको फोटो खिच्दा शुल्क नलाग्ने निर्णय भएको ।



## समझदारी बचत तथा ऋण सहकारी संस्था लि.

वासिक टोल-३, भक्तपुर

### १९ औं वार्षिक साधारणसभामा उपस्थित हुने सम्बन्धी सूचना

श्री सम्पूर्ण शेयर सदस्यज्यूहरू,

यस संस्थाको मिति २०८३/०५/१५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको १९ औं वार्षिक साधारणसभा संस्थाका ज्येष्ठ सदस्यको प्रमुख आतिथ्यमा २०८३ असोज १७ गते, शनिबार हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : २०८३ असोज १७ गते, शनिबार
**स्थान** : बाराहीपीठ, भक्तपुर
**समय** : बिहान ७:०० बजेदेखि १०:०० बजेसम्म

**नोट** :

१) पत्र वा पासबुकसहित उपस्थित सदस्यहरूलाई मात्र खाजा खर्च वितरण गरिनेछ ।
२) लगातार ६ महिनासम्म नियमित बचत नगर्ने र ३ महिनासम्म ऋणको ब्याज नतिर्ने सदस्यहरूलाई खाजा खर्च दिइनेछैन ।
३) शेयर सदस्यहरूलाई प्रदान गर्दै आएको शेयर सुविधा रकम २०८३ असोज १९ गतेदेखि २३ गतेसम्ममा संस्थाबाटै वितरण गरिनेछ । सो शेयर सुविधा रकम लिन नआएमा सदस्यहरूको खातामा जम्मा गरिदिने व्यहोरा सूचित गरिन्छ ।



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

### करटोली खटिएको सम्बन्धी सूचना

भक्तपुर नगर क्षेत्रभित्रका दर्ता हुन बाँकी उद्योग, पसल व्यवसाय आदि दर्ता तथा नवीकरणका लागि व्यवसाय स्थलमै कर टोलीको व्यवस्था भएको र उक्त कर टोली मिति २०८३।०५।३१ गतेदेखि २०८३।०६।०९ गतेसम्मका लागि नगरपालिकाको १ नं. र ७ नं. वडामा खटिएकोले टोलीमार्फत आफ्नो व्यवसायको दर्ता तथा नवीकरण गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चन्द्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा